# कर्णाली सूचना-पत्र Bulletin

❖ वर्षः १ ❖ अङ्कः १ ❖२०७५ आषाढ ❖Year: 1 ❖No.: 1 ❖ June/July

## यसभित्र...


- प्रदेश प्रमुखको कार्यालयको परिचय
- प्रगति विवरण
- कर्णाली प्रदेशको आर्थिक विकास
- माननीय प्रदेश प्रमुख (जीवनी)
- कर्णालीको समृद्धिमा सामाजिक क्षेत्र...
- अपार स्रोत साधन छ, परिचालन छैन
- समृद्धिका पाँच 'शक्ति'
- कर्णाली प्रदेशमा सुशासनको...
- सँस्कृति पर्यटन प्रवर्द्धन
- प्रदेशस्तरीय कानून निर्माण प्रक्रिया र ...






## प्रकाशन समिति

**सल्लाहकारः**
जयनारायण आचार्य

**संयोजकः**
विनोदकुमार पोखरेल

**सदस्यहरूः**
देवीप्रसाद पौडेल
निर्मला रेग्मी
मीनबहादुर ठाडा
सुशिला अधिकारी
सन्तोष श्रेष्ठ
सुरेन्द्रबहादुर थापा
पदमबहादुर रावल


## प्रकाशकीय...

*शासन प्रणालीलाई पारदर्शी, जवाफदेही तथा सुशासित बनाउँदै नागरिकको सशक्तीकरणको माध्यमद्वारा लोकतन्त्रको अनुभूति गराउन, कानूनी राज्यको स्थापना, राज्य प्रणालीमा नागरिकको सहभागिता बढाई सामाजिक न्याय, मानवअधिकार तथा मौलिक हकको प्रचलनको लागि सूचनाको हक अपरिहार्य मानिएको छ । नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था छ। यस प्रदेश प्रमुखको कार्यालयबाट सम्पादित गतिविधि र यस प्रदेशसँग सम्बन्धित विभिन्न विषयवस्तुहरूलाई सार्वजनिक रुपमा सुसूचित गराउने उद्देश्यले यस कार्यालयबाट सूचना पत्रको रुपमा 'कर्नाली' नामक बुलेटिन प्रकाशनको सुभारम्भ गरेका छौं। यस कार्यालयको संरचनागत ढाँचा, प्रगति विवरण, सुशासन, समृद्धि जस्ता विषयवस्तु लगायत सम्पादित कार्यहरू सर्वसाधारण तथा सरोकारवालाको जानकारीका लागि वर्ष १, अंक १ का रुपमा यो बुलेटिन प्रकाशनको जमर्को गरेका छौं ।*

*यस बुलेटिनमा प्रकाशित तथा भविष्यमा प्रकाशन हुँदै जाने विषयवस्तुहरूले अनुसन्धानकर्ता, अध्ययता र कर्णाली प्रदेशको समृद्धिका लागि प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सरोकार राख्ने सबैलाई सहयोग पुग्नेछ भन्ने अपेक्षा गरिएको छ ।*

*अन्त्यमा, बुलेटिनका रुपमा प्रकाशन गर्दा लेख, रचना तथा आवश्यक तथ्याङ्कहरू उपलब्ध गराउनुहुने विद्वान लेखक तथा बुद्धिजीवि सबैलाई धन्यवाद व्यक्त गर्दै बुलेटिनलाई बढीभन्दा बढी सूचनामूलक र उपयोगी बनाउन रचनात्मक सुझावका लागि अनुरोध गर्दछौं। यो सूचनामूलक प्रकाशनको प्रथम प्रयास भएकोले आगामी अङ्कहरूमा थप सुधार गर्दै जानेछौं ।* ❍


## प्रकाशक

नेपाल सरकार
**प्रदेश प्रमुखको कार्यालय**
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत
फोन नं.: ०८३५२३२६९
इमेलः krnlprovince@gmial.com
वेभसाइटः oph.karnali.gov.np


**प्रदेश प्रमुख**



दुर्गाकेशर खनाल

**सचिव**



जयनारायण आचार्य

**प्रवक्ता**



राजिव पोखरेल

**सूचना अधिकारी**



देवी प्रसाद पौड्याल

# प्रदेश प्रमुखको कार्यालयको संक्षिप्त परिचय




## पृष्ठभूमिः-

वि.सं.२०६२-०६३ मा भएको शान्तिपूर्ण जनआन्दोलनपछि जारी भएको अन्तरिम संविधान २०७३ अनुरुप सम्पन्न संविधान सभाको पहिलो निर्वाचनपछि गठित संविधान सभाको पहिलो बैठकले २०६५ साल जेष्ठ १५ गते नेपाललाई लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको रुपमा स्थापना गऱ्यो । उक्त संविधान सभाबाट डा. रामवरण यादव गणतन्त्र नेपालको पहिलो राष्ट्रपति निर्वाचित हुनुभयो । वर्तमान सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी संघीय गणतन्त्र नेपालको दोस्रो राष्ट्रपति एवम् नेपालको संविधान जारी भएपछिको पहिलो राष्ट्राध्यक्ष हुनुहुन्छ । नेपालको संविधान २०७२ ले राष्ट्रपतिलाई राष्ट्राध्यक्ष र संविधानको संरक्षक एवम् अभिभावकको रूपमा स्थापित गरेको छ। नेपालको संविधान बमोजिम २०७४ सालमा राज्य संरचनाका तीनवटै तह (स्थानीय, प्रदेश र संघ) को निर्वाचन सम्पन्न भई तीनै तहमा सार्वभौम जनताको सरकार स्थापना भएपश्चात नेपालले हालको संघीय संरचना बमोजिम नेपालमा ७५३ वटा स्थानीय तह, ७ वटा प्रदेश र एक संघ भएको संघीय लोकतान्त्रिक राज्य व्यवस्था कार्यान्वयनमा छ। नेपालको संविधानको धारा १६३ मा प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रुपमा एक जना प्रदेश प्रमुख रहने व्यवस्था गरेको छ। उक्त व्यवस्था अनुसार संविधानले प्रदत्त गरेको प्रदेश प्रमुखको काम, कर्तव्य र अधिकारलाई सहयोग गर्न निजामती सेवा प्रशासन समूहका सचिव (रा.प. प्रथम श्रेणी) को नेतृत्वमा प्रशासनिक काम कारबाही हुने गरी प्रदेश प्रमुखको कार्यालय रहने व्यवस्था छ ।


## परिचयः-

नेपालको संविधान बमोजिम संघीय संरचनामा प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रुपमा प्रदेश प्रमुख रहने व्यवस्था गरेको छ। जसअनुरुप राष्ट्रपतिद्वारा प्रदेश नं.६ (कर्णाली प्रदेश) का लागि प्रदेश प्रमुखका रुपमा माननीय दुर्गाकेशर खनाललाई मिति २०७२ साल माघ ५ गते संविधानको धारा १६३ उपधारा (२) बमोजिम नियुक्त गरिएको हो ।


संघीय व्यवस्थाको प्रादेशिक अवधारणा अनुसार सातवटै प्रदेशमा प्रदेश प्रमुखको कार्यालयको स्थापना गर्ने क्रममा प्रदेश नं.६ (कर्णाली प्रदेश) को प्रदेश प्रमुखको कार्यालयको स्थापना मिति २०७४ साल माघ ७ गते स्थापना भएको हो । प्रदेश नं.६ (कर्णाली प्रदेश) कर्णाली प्रदेश प्रमुखको कार्यालय वीरेन्द्रनगर-७ सुर्खेतस्थित साविकको क्षेत्रीय वन निर्देशनालय र क्षेत्रीय वन तालिम केन्द्रको भवनमा रहेको छ । मुख्य रुपमा प्रदेश नं.६ (कर्णाली प्रदेश) को मन्त्रिपरिषद्बाट सिफारिस र सहमतिमा भए गरेका कार्यलाई मुख्यमन्त्रीबाट पेश भएबमोजिम र प्रदेश सभामुखबाट प्रमाणित विधेयकहरूलाई प्रमाणीकरण गर्ने कार्य संविधान बमोजिम प्रदेश प्रमुखबाट हुने गर्दछ ।

## कार्यालयको संरचनागत ढाँचाः-

(क) प्रदेश प्रमुखको कार्यालयको विद्यमान सांगठानिक ढाँचा (अन्तरिम व्यवस्थाका लागि)



(ख) प्रदेश प्रमुखको कार्यालयको स्वीकृत नयाँ सांगठानिक ढाँचा




## महाशाखा र कार्यविवरणः-

***व्यवस्थापन महाशाखा***

- मानननीय प्रदेश प्रमुखको कार्यसम्पादनका लागि आवश्यक प्रशासनिक सहयोग उपलब्ध गराउने,
- माननीय प्रदेश प्रमुखको कार्यक्रम व्यवस्थापन तथा भ्रमणहरूको व्यवस्थापन गर्ने,
- सुरक्षा निकायहरूसँग समन्वय गर्ने,
- माननीय प्रदेश प्रमुखको कार्यक्रम र भ्रमण सम्बन्धी अभिलेखीकरण व्यवस्थित गर्ने,
- आर्थिक व्यवस्थापन सम्बन्धी कार्य ।
- कार्यालय व्यवस्थापन, आर्थिक, प्रशासनिक र सूरक्षासम्बन्धी कार्य गर्ने ।
- संवैधानिक एवं कानुनी राय-परामर्श सम्बन्धी
- विधेयक तथा अध्यादेश प्रमाणीकरण सम्बन्धी
- कानून तर्जुमा, संशोधन सम्बन्धी
- प्रादेशिक कानुन र सो सम्बन्धी अन्य कार्य गर्ने ।

***सूचना तथा समन्वय महाशाखा***

- कूटनीतिज्ञ एवं अन्य व्यक्तित्वहरूको भेटघाट सम्बन्धी व्यवस्था मिलाउने,
- प्रादेशिक, संघीय तथा माननीय प्रदेश प्रमुखको तर्फबाट हुने पत्राचार सम्बन्धी काय
- माननीय प्रदेश प्रमुखले दिनुहुने सन्देश र शुभकामनाको मस्यौदा तयार गर्ने,
- विभिन्न कार्यक्रमको समन्वय र आवश्यक श्रोतका लागि समन्वय गर्ने
- सूचना संकलन र सम्प्रेषणको कार्य गर्ने
- प्रदेश प्रमुखलाई सूचना तथा जानकारी उपलब्ध गराउने ।

***प्रदेश प्रमुखको निजी सचिवालय***

- माननीय प्रदेश प्रमुखको कार्यक्रम व्यवस्थापन,
- माननीय प्रदेश प्रमुखलाई सम्बोधन गरी प्राप्त हुने निवेदन तथा पत्रहरू अध्ययन गरी पेश गर्ने,
- माननीय प्रदेश प्रमुखको कार्यालयमा हुने भेटघाट व्यवस्थापन,
- माननीय प्रदेश प्रमुखबाट भएका आदेश, निर्देशनको कार्यान्वयन बारे अनुगमन र समन्वय ।

# प्रगति विवरण (हालसम्म भए/गरेका गतिविधि)

१. मिति २०७४/१०/०७ मा माननीय प्रदेश प्रमुख दुर्गाकेशर खनालज्यूको, प्रदेश प्रमुखको कार्यालयमा पद बहाली ।

२. मिति २०७४/१०/०७ माननीय प्रदेश प्रमुखज्यूबाट प्रदेश नं.६ का माननीय प्रदेश सभा सदस्य ज्येष्ठ सदस्य हिमबहादुर शाहीज्यूलाई सभामुख पदको पद तथा गोपनीयताको शपथ ग्रहण कार्य सम्पन्न ।

३. मिति २०७४/१०/०७ मा माननीय प्रदेश प्रमुखज्यूको समुपस्थितिमा माननीय ज्येष्ठ सदस्य हिमबहादुर शाहीज्यूबाट प्रदेश नं.६ का प्रदेश सभा सदस्यज्यूहरूलाई प्रदेश सभासदस्य पदको पद तथा गोपनीयताको शपथ ग्रहण कार्य सम्पन्न ।

४. मिति २०७४/१०/१४ मा माननीय प्रदेश प्रमुख दुर्गाकेशर खनालज्यूबाट प्रदेश नं.६ को प्रदेश सभाको प्रथम अधिवेशन मिति २०७४ माघ २१ गते दिनको १:०० बजे वीरेन्द्रनगर, सुर्खेतस्थित सिंचाई विकास डिभिजनको सभाहलमा बस्ने गरी आह्वान गर्ने निर्णय भएको ।

५. मिति २०७४/१०/२९ मा माननीय प्रदेश प्रमुख दुर्गाकेशर खनालज्यूबाट प्रदेश नं.६ का प्रदेश सभाका नवनिर्वाचित माननीय सभामुख राजबहादुर शाहीज्यूलाई सभामुख पदको पद तथा गोपनीयताको शपथ ग्रहण कार्य सम्पन्न ।

६. मिति २०७४/११/०४ मा माननीय प्रदेश प्रमुख दुर्गाकेशर खनालज्यूबाट प्रदेश नं. ६ का नव निर्वाचित माननीय मुख्यमन्त्री महेन्द्रबहादुर शाहीज्यूलाई मुख्यमन्त्री पदको पद तथा गोपनीयताको शपथ ग्रहण कार्य सम्पन्न ।

७. मिति २०७४/११/०६ मा माननीय प्रदेश प्रमुख दुर्गाकेशर खनालज्यूबाट माननीय मुख्यमन्त्री महेन्द्रबहादुर शाहीज्यूद्वारा तपसिल बमोजिम गठित मन्त्रिपरिषद् गठन र कार्य विभाजन गरी सिफारिस गरी पठाए बमोजिमका माननीय मन्त्रीज्यूहरूको पद तथा गोपनीयताको शपथ ग्रहण कार्य सम्पन्न ।

**तपसिल:**

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | मा. प्रकाश ज्वाला | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| २. | मा. नरेश भण्डारी | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ३. | मा. दल रावल | मन्त्री | सामाजिक विकास मन्त्रालय |
| ४. | मा. बिमला के.सी. | मन्त्री | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| ५. | मा. नन्द सिं बुढा | मन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ६. | मा. खड्गबहादुर खत्री | मन्त्री | भौतिक पूर्वाधार विकास मन्त्रालय |

८. मिति २०७४ चैत्र २८ मा माननीय प्रदेश प्रमुख दुर्गाकेशर खनालले माननीय मुख्यमन्त्रीको सिफारिसमा नेपालको संविधानको धारा १६० को उपधारा (२) बमोजिम वीरेन्द्रनगर नगरपालिका-९, सुर्खेत निवासी अधिवक्ता श्री विद्याभूषण मानन्धरलाई नेपालको कर्णाली प्रदेशको मुख्य न्यायाधिवक्ता पदमा नियुक्त गर्नुभएको ।

९. मिति २०७५ बैशाख ४ मा 'आर्थिक कार्यविधि विधेयक २०७४' लाई नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण ।

१०. मिति २०७५ बैशाख १० मा कर्णाली प्रदेशको प्रदेश सभामा माननीय प्रदेश प्रमुखज्यूबाट कर्णाली प्रदेशको नीति तथा कार्यक्रम प्रस्तुत गरिएको ।

११. मिति २०७५/०१/१८ मा माननीय मुख्यमन्त्रीको सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुखबाट मिति २०७५/०१/१८ गते रातको १२ बजेबाट कर्णाली प्रदेशको चालु प्रथम अधिवेशन अन्त्य गर्ने निर्णय गर्नुभएको ।

१२. मिति २०७५ बैशाख २३ मा 'आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यहरूको लागि प्रदेश संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा गर्न बनेको विधेयक' लाई नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण ।

१३. मिति २०७५/०२/०४ मा माननीय प्रदेश प्रमुख श्री दुर्गाकेशर खनालज्यूबाट प्रदेश नं.६ को प्रदेश सभाको दोस्रो अधिवेशन मिति २०७५ जेष्ठ ११ गते दिनको १:०० बजे वीरेन्द्रनगर, सुर्खेतस्थित सिंचाई विकास डिभिजनको सभाहलमा बस्ने गरी आह्वान गर्ने निर्णय गर्नुभएको ।

१४. उक्त कार्यहरूका साथै यस प्रदेश प्रमुखको कार्यालयका कर्मचारी तथा कार्यालय व्यवस्थापन एवं सुरक्षा व्यवस्थाका लागि आवश्यक सम्पर्क, समन्वय सम्बन्धी विभिन्न काम-कार्यबाहीहरू भइरहेको ।

१५. मिति २०७५ जेष्ठ ३० मा 'आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' र 'सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधि गर्न बनेको विधेयक' लाई नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण ।

१६. मिति २०७५ आषाढ २४ मा 'स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुबिधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५' लाई नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण ।

१७. मिति २०७५ आषाढ ३२ मा 'आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरूका लागि प्रदेश संचित कोषबाट केही रकम खर्च गर्न र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक', 'कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) विधेयक, २०७५', 'कर्णाली प्रदेशमा कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५', 'प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक', 'कर्णाली प्रदेश ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक' 'गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५' र 'कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५' लाई नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण । ❍

# कर्णाली प्रदेशको आर्थिक विकास

विगत केही देश यता भू-मण्डलीकरणको बढ्दो प्रवेगमा विश्व संकुचित बन्दैछ। यसैको समानान्तर स्तरमा यातायात, शिक्षा र सूचना प्रविधिको विकास र यसको परिणामस्वरुप अनेकौं साना-ठूला राष्ट्रहरू आफ्नो आर्थिका विकासलाई द्रुतगतिमा हाँकिरहेका छन् । केही वर्ष अघिसम्म गृहयुद्धमा फसेका अफ्रिकी देशहरूमा पनि आर्थिक वृद्धि उल्लेखनीय रुपले देखिएको छ। विश्वका केही अति कम विकसित मुलुकहरूमा देखिएका सामाजिक, राजनैतिक तथा आर्थिक परिवर्तनहरू नेपाल र खासगरी कर्णाली प्रदेशको निम्ति समेत नमूना बन्न सक्छन्। यद्यपि एक्काइसौं शताब्दीको विकासको अवधारणा केबल भौतिक, राजनैतिक र आर्थिक रुपान्तरणमा सीमित हुनुहुँदैन। प्राकृतिक स्रोत-साधनको दीगो व्यवस्थापनसहित समूचित प्रयोग र विकासका नाममा गरिएका गतिविधिहरूका नकारात्मक परिणामलाई समेत मध्यनजर गर्दै सन्तुलित र दीर्घकालिन अवधारणासहित नवप्रवर्तनात्मक नमूनाको अनुशरण गर्न सक्नु नै आजको अपरिहार्यता हो ।

पछिल्लो समयमा नेपालमा विकासको गतिविधिहरू बढी सक्रिय देखिए तापनि 'चिन्तनविनाको नीति र नीतिविनाको कार्यक्रम' भनेझैं विधिहिन र अव्यवस्थित शैलीमा राष्ट्रको धनराशी खर्च भइरहेको छ। एकातिर जथाभावि रुपमा पूर्वाधार र भौतिक संरचनाको निर्माणले पर्यावरण क्षय र प्राकृतिक समस्या निम्त्याएको छ भने अर्कोतर्फ राज्यले गरेको अरबौंको खर्च निष्प्रभाव भइरहेको छ। यस पृष्ठभूमिमा कर्णाली प्रदेशको समृद्ध भविष्यलाई सुनिश्चित गर्न उपयुक्त विकासका मोडलहरू निर्माण गरी कार्यान्वयन गर्न प्रदेश सरकारको विद्यमान संयन्त्रभित्र तोकिएको (स्पष्ट) जिम्मेवारीसहित विशिष्ट प्राविधिक इकाईहरू खडा गर्न वान्छनीय देखिन्छ। प्रदेशको दिगो विकासद्वारा यहाँको जनजीवनलाई समृद्ध, सुबिधा सम्पन्न र सहज तुल्याउन प्रदेश सरकार र यसभित्र विशिष्टीकृत संयन्त्रहरूले निम्न आधारभूत पक्षहरूमा ध्यान दिन जरुरी छ।

**(क) विकासको अवधारणत्मक पहिचान:**

हालैका वर्षहरूमा स्थानीय स्तरबाट अघि सारिएको विकासको गतिविधि मूल रुपमा प्राकृतिक र सामाजिक पक्षबाट उचित तथा दिगो नभएको देखिन्छ। भूगोल र प्राकृतिक साधनस्रोत अनुसार विकासका प्राथमिकताहरू फरक-फरक हुने गर्छन्। तराई क्षेत्रको विशेषता पहाड र हिमाली क्षेत्रको भन्दा विल्कुल फरक हुन्छ, यसर्थ कर्णाली प्रदेशले आफ्नो क्षेत्रको समग्र

## जीवनी

### प्रदेश प्रमुख दुर्गाकेशर खनाल



*बौद्धिक, सादकी र सालिन व्यक्तित्वको परिचय बोक्नुभएको कर्णाली प्रदेशको प्रदेश प्रमुख माननीय दुर्गा केशर खनालज्यू मिति २०७४/१०/०७ गतेदेखि कर्णाली प्रदेशको प्रदेश प्रमुखमा नियुक्त हुनुभएको हो। बुवा चन्द्रकेशर खनाल र माता भागिरथी खनालका काइँला सन्तानको रुपमा जन्मनुभएका खनालको जन्म डोटी जिल्लाको सिलगढीमा भएको थियो। उहाँले श्री कृष्ण प्राथमिक विद्यालय, कटकुवाबाट अध्ययन अध्यापन सुरु गरी श्री शान्ति विद्या गृह लैनचौर, काठमाडौंबाट वि.सं. २०२१ सालमा एस.एल.सी. परीक्षा उत्तीर्ण गरी त्रिभुवन विश्वविद्यालयबाट २ वर्षे वी.एड. र २०२९ मा वी.ए. समेत उत्तीर्ण गर्नुभएको छ।*

*उहाँ विद्यार्थी राजनीति सुरु गरी वि.सं.२०२१ सालमा सुदुरपश्चिम विद्यार्थी सम्पर्क समितिको उपाध्यक्ष समेत रहनुभएको थियो। साथै उहाँ वि.सं २०२७ सालमा बनारसबाट नेपाली कांग्रेसको सदस्यता प्राप्त गरी वि.सं. २०२८ सालमा ने.वि.संघको संस्थापक सदस्यका रूपमा समेत रहनुभयो। राजनीतिक जीवनकै शिलशिलामा उहाँले वि.सं २०३६ देखि वि.सं.२०४८ सालसम्मका लागि नेपाली कांग्रेस जिल्ला कार्य समिति, सुर्खेतका सभापति र वि.सं.२०४८ देखि वि.सं. २०५२ सम्म राष्ट्रिय सभा सदस्य समेत रहेर कार्य गर्नुभएको थियो। माननीय दुर्गाकेशर खनाल युवा अवस्थामै राजनीतिमा होमिइ पञ्चायत कालमा विभिन्न समयमा प्रहरी नजरबन्द, हिरासत र जेल सजाय समेत भोगी प्रजातन्त्र स्थापना र लोकतान्त्रिक पद्दति र विकासको लागि योगदान दिनुभएको छ।*

*माननीय दुर्गाकेशर खनालज्यूको शिक्षण पेशासँग सम्बन्धित विभिन्न अनुभवहरू रहेका छन्। उहाँ पब्लिक हाइस्कूल, वीरेन्द्रनगर सुर्खेतमा वि.सं.२०२५ देखि वि.सं.२०३३ सम्म अंग्रेजी विषयको शिक्षकका रूपमा कार्यरत हुनुहुन्थ्यो। त्यस्तै, वि.सं.२०३० देखि वि.सं.२०३३ सम्म सोही हाइस्कूलको प्रधानाध्यापकका रुपमा समेत कार्य गर्नुभएको थियो। प्रदेश प्रमुख माननीय दुर्गाकेशर खनाल वीरेन्द्रनगर बहुमुखी क्याम्पस सुर्खेतको व्यवस्थापन समितिको अध्यक्षका रूपमा वि.सं.२०५५ देखि वि.सं.२०६५ सम्म सेवा गर्नुभएको थियो भने मध्यपश्चिम विश्वविद्यालय पूर्वाधार विकास समितिको अभियन्ताको रुपमा वि.सं.२०५५ देखि वि.सं.२०६५ सालसम्म कार्य समेत गर्नुभएको थियो। साथै उहाँ वि.पी. कोइराला विचार प्रतिष्ठान, काठमाण्डौंको संसदीय सदस्यका रूपमा समेत रहनुभयो। उहाँले नेपालका तर्फबाट संयुक्त राष्ट्र संघ प्रतिनिधिका रूपमा समेत सहभागिता जनाउनुभएको थियो भने बेलायत, जर्मनी, क्यानडा, अमेरिका, भारत (USA), पाकिस्तानजस्ता राष्ट्रहरूको समेत भ्रमण गर्नुभएको छ।*

*कर्णाली प्रदेशका प्रदेश प्रमुखका रूपमा कार्यरत माननीय दुर्गाकेशर खनालज्यू एक कर्तव्यनिष्ठ र राष्ट्रप्रति सर्मपित व्यक्तिका रूपमा परिचित हुनुहुन्छ।*

विकासका लागि रोजगारी, सडक, स्वास्थ्य र शिक्षाजस्ता पक्षहरूलाई मौलिक प्रकारले व्यवस्था गर्न जरुरी छ । स्पष्ट शब्दमा भन्नुपर्दा विकासलाई प्रदेशको जनजीवनसँगै प्रत्यक्ष रुपमा जोडेर बुझ्िने हुँदा जनजीवनका बहुपक्षमा क्षेत्रगत आधार तयार पारी कति समय वा अन्तरालमा कस्ता-कस्ता समस्याहरू समाधान गर्दै जाने भन्ने कुरामा स्पष्ट हुन जरुरी छ । उपयुक्त विकासको नमूना (Adequate Development Model) दीगो विकासको आधारभूत आवश्यकता हो ।

### (ख) सुशासनः

गणतन्त्र मात्रले सुशासनको ग्यारेन्टी गर्दैन । विकासको प्रतिफल जनतामा अनुभूति गराउन सवल प्रशासन र सुशासनको आवश्यकता पर्दछ । राज्यको तर्फबाट गरिने विकासका गतिविधिहरू तथा जनताको पक्षमा गरिने प्रशासनिक काम-काज छरितो, गुणस्तरीय, पारदर्शी र निश्चित मापदण्डमा आधारित हुनुपर्दछ । सुशासनको अभावमा एकातिर संयन्त्रहरू अनुत्तरदायी र भ्रष्ट नै रहन्छन् भने अर्कोतिर जनताले सेवा-सुबिधाहरू सम्मानजनक र प्रभावकारी रुपमा प्राप्त गर्न सक्दैनन् । हरेक निकायका हरेक तह र तप्काहरू स्पष्ट कार्यविधि (Standard Operating Procedure) को निर्माण गर्दै अवलम्बन गर्नुपर्छ भने उक्त निकायहरूबाट भएका कार्य सम्पादनको गुणस्तरको आवधिक मूल्याङ्कन (Periodic Performance Quality Assessment) हुन जरुरी छ । साथै यसको लागि प्रदेश स्तरदेखि स्थानीय तहसम्म स्थायी संस्थागत संयन्त्र (Permanent Institutional Mechanism) हुनुपर्दछ ।

### (ग) सूचना बैंकः

प्रदेशभित्र विद्यमान साधनस्रोत तथा सामाजिक एवम् आर्थिक गतिविधिमा क्रियाशिल संरचनाहरू, प्रदेशका विभिन्न स्थानमा रहेका औद्योगिक, कृषि पर्यटन लगायतका सम्भावनाहरूको विस्तृतीकरण गरी सूचना स्रोत (Information Source) को विकास गर्न जरुरी छ । हरेक जिल्लाका नगरपालिका/गाउँपालिकामा विद्यमान स्रोतसाधनहरू, जनसांख्यिक विवरण (Demographic Profile), व्यावसायिक तथा गैरव्यावसायिक संगठनहरू आदिको एकीकृत सूचना प्रणालीले सार्वजनिक तथा निजी क्षेत्र दुवैलाई आर्थिक एवम् सामाजिक विकाससँग सम्बन्धित क्रियाकलापहरू अगाडि बढाउन ठूलो सहयोग मिल्दछ ।

### (घ) बजार पहिचान र विकासः

वस्तु तथा सेवाको उत्पादन र वितरण निजी क्षेत्रले नै गर्नुपर्दछ । तर निजी क्षेत्र बजार पहुँच, अवस्था र सुबिधाप्रति आश्वस्त नभई लगानी गर्न सक्दैन र गरेको लगानीले पनि उचित प्रतिफल दिंदैन । नेपालको ग्रामीण भेकमा सहकारी मोडलमा थालिएका व्यावसायिक गतिविधि राम्रै फष्टाएको देखिन्छ । तर यस्ता क्रियाकलाप जीविकोपार्जनभन्दा माथि उठेको कमै मात्र दखिन्छ । यसको कारण व्यवस्थित बजार र उचित वितरण प्रणालीको अभाव हो । यस क्षेत्रमा भएको र बढ्दै गरेको उत्पादनको कसरी ठूलो बजारसम्म पहुँच स्थापित गर्ने भन्ने प्रदेश तथा स्थानीय सरकारको प्राथमिकताको विषय हुनुपर्दछ । उदाहरणको लागि भोलिको दिनमा यहाँ कृषि उपज कुन बजारमा वितरण गर्ने हो त भन्ने कुरा दीगो रूपले सोच्नु सरकारहरूको दायित्व हो ।

### (ङ) सीपमूलक शिक्षाः

शिक्षा व्यावसायिक र रोजगारमूलक हुनुपर्दछ भन्ने सबैले बुझे पनि राज्यले आवश्यकताअनुरुप प्रभावकारी रुपमा अनुशरण गर्न सकेको छैन । रोजगारीको अवसर सृजना र व्यावसायिक गतविधि अभिवृद्धि गर्न सीपयुक्त जनशक्तिको ठूलो खाँचो पर्दछ । यसर्थ कृषि, पर्यटन, जडिबुटी प्रशोधनजस्ता क्षेत्रमा आवश्यक प्राविधिक सीप विकासका साथै व्यवस्थापन, उद्यमशीलता, बजारीकरणसम्बन्धी क्षमता अभिवृद्धि गर्न उपयुक्त जनशक्ति विकास संस्थाहरू स्थापनातर्फ यथाशीघ्र ध्यान दिन जरुरी छ ।

### (च) उद्यमशिलता विकास अभियानः

व्यावसायिक क्षेत्रमा लगानी खासगरी निजी क्षेत्रको आकर्षणबाट हुने गर्दछ । कर्णाली प्रदेशको ग्रामीण भेकमा र जिल्ला सदरमुकामहरूमा ग्रामीण स्टार्ट अप (Rural Start Up) प्रोत्साहन गर्न निजी क्षेत्रसँग सहकार्य गर्दै Equity Partnership कार्यक्रम तथा Impact Investment Fund हरू निर्माण गर्नुपर्दछ । प्रदेश सरकारले विभिन्न जिल्लाका स्थानीय निकायहरूसँग सहकार्य गर्दै प्रदेश बाहिरको बजार पहुँच निर्माण गर्ने र लगानी, उत्पादन तथा वितरणलाई एकीकृत गर्दै Business Ecosystem विकास गर्नतिर ध्यान दिनसके दुर-दराजमा विद्यमान स्रोत-साधनहरूलाई परिचालन गर्दै दीगो रुपले स्थानीय रोजगारको अवसर अभिवृद्धि गर्न सकिन्छ । यो आर्थिक विकासको महत्वपूर्ण पाटो हो ।

माथि उल्लेख गरिएका केही पक्षहरूका साथै प्रदेशभित्र ठूला लगानीका क्षेत्रहरू पहिचान गर्दै वार्षिक रुपमा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरको लगानी सम्मेलन (Investment Conference) गर्नतिर पनि यस प्रदेशले ध्यान दिन जरुरी छ । प्रदेश सरकारले आर्थिक विकासको पक्षमा आफ्नो प्रतिवद्धता पुष्टि गर्न लगानीकर्ता तथा उद्यमीमैत्री नीति-नियम र व्यवहार प्रदर्शन गर्न सकेमात्र स्थानीयदेखि अन्तर्राष्ट्रिय स्तरका लगानीकर्ता आकर्षण गर्न सकिने स्पष्ट छ । ❍

# कर्णालीको समृद्धिमा सामाजिक क्षेत्रको भूमिका

*कर्णाली प्रदेश प्राकृतिक स्रोत, साधन र संस्कृतिको अपार सम्भावना भएको क्षेत्र हो । यहाँका १० वटा जिल्लाहरू फरक विषेशता र फरक क्षमताका छन् । लामो समयदेखि विकासको आशा गरेर बसेका यस क्षेत्रका नागरिकले अब आफ्नै नजिकको सरकारबाट निकै ठूलो अपेक्षा बोकेका छन् । विकास र आधुनिक युगका हरेक लाभबाट पछाडि परेको यस क्षेत्रको सामाजिक विकासले अब कसरी फड्को मार्छ ? प्रदेश सरकारले के–कस्ता योजना गरेको छ ? यी र यस्तै बिषयमा कर्णाली प्रदेशका माननीय सामाजिक विकास मन्त्री* ***दल रावल****सँग गरिएको कुराकानीः*

**➢ कर्णाली प्रदेशको समृद्धिमा सामाजिक विकास मन्त्रालयको भूमिका के-कस्तो होला ?**



- यहाँहरू जानकार नै हुनुहुन्छ, कर्णाली प्रदेश चुनौतिका पहाडहरूबीच समृद्धिका सम्भावनाहरूको खोजीमा प्रयत्नरत एक ऐतिहासिक प्रदेश हो । विकासका मूलतः दुईवटा पक्षहरू हुन्छन्- भौतिक र सामाजिक विकास । यी दुईवटै पक्षहरूको समविकासबाट नै सामाजिक न्याय सहितको समृद्धि प्राप्त हुने हो ।

  त्यसैले कर्णाली प्रदेशको विकास र समृद्धिको सफल यात्राका लागि सामाजिक क्षेत्रको अत्यन्तै ठूलो भूमिका छ । मानव विकास सूचकाङ्कमा सबै प्रदेशभन्दा पछि छ हाम्रो प्रदेश । प्रतिव्यक्ति आय, औसत आयु, शिक्षा, स्वास्थ्य, महिला बालबालिका, बहु-आयामिक गरिबी सूचक लगायतका सबै क्षेत्रका सूचकहरू निकै कमजोर छन् । छाउपडी, छुवाछुत लगायतका सामाजिक तथा साँस्कृतिक विभेदहरू अहिले पनि हाम्रो समाजमा कायम छन् । यसले मानव सभ्यताको आधुनिक अवस्थालाई गिज्याई रहेको अनुभूत हुन्छ । यस खालका अवस्था र अविकासलाई हटाई न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्न सामाजिक मन्त्रालयको महत्वपूर्ण रहन्छ ।

**➢ कर्णाली प्रदेशको विकासका लागि सामाजिक विकास मन्त्रालयका लक्ष्य उद्देश्य तथा कार्यक्रमहरू कस्ता-कस्ता छन् ?**

- हामीले प्रदेशको शिक्षा, स्वास्थ्य, युवा खेलकुद, महिला, बालबालिका, श्रम, रोजगार लगायतका सामाजिक विकासका क्षेत्रहरूको समतामूलक र परिणाममुखी विकासका लागि अल्पकालिन, मध्यकालिन र दिर्घकालिन लक्ष्य र नीति तय गरेका छौं । सामाजिक सम्पत्तिको विकास गर्दै सामाजिक न्यायसहितको समृद्धिलाई प्रवर्द्धन गर्ने गरी हाम्रा कार्यक्रमहरू लक्षित छन् । कर्णालीका नागरिकहरूलाई आत्मसम्मानपूर्वक बाँच्न र दिगो विकासको बाटोमा हिंड्न सक्ने दुरदृष्टिका साथ मन्त्रालयका विभागीय लक्ष्य तथा उद्देश्य तय गरेका छौं । यसलाई प्रभावकारी कार्यान्वय गर्न सकिएको खण्डमा अवश्य कर्णालीलाई रुपान्तरण गर्न सक्छौं ।

**➢ कर्णाली प्रदेशमा सामाजिक कुरीतिहरू हटाउन सामाजिक विकास मन्त्रालयका के-कस्ता नीति रहेका छन् ?**

- मैले माथि पनि उल्लेख गरिसकेको छु । उहिलेसम्म पनि हाम्रो समाजमा आधुनिक मानवसभ्यताको उपहास गर्ने खालको अत्यन्तै रुढीग्रस्त मान्यताहरू विद्यमान छन् । प्रजनन् अधिकारको सुनिश्चितता गर्ने जैविक मूल्य भएको महिनावारीलाई कतिपय ठाउँमा छाउपडीको रूपमा मान्य गरिएको छ । अत्यन्तै अवैज्ञानिक र अमानवीय छुवाछुत प्रथा कतिपय ठाउँमा जारी छ । बालविवाह, बहुविवाह लगायतका कुरीतिपूर्ण मान्यताहरू हाम्रो समाजमा छन् । यसको शीघ्र अन्त्यका लागि सामाजिक अभियानहरू सञ्चालन गर्ने, कानूनलाई कडाईका साथ कार्यान्वयन गर्ने र स्थानिय तहहरूसँगको सहकार्यमा यस खालका सामाजिक मान्यताहरूको अन्त्य गर्न प्रोत्साहित गर्ने नीति तथा कार्यक्रम तय भएका छन् ।

**➢ प्रदेशको शिक्षा र स्वास्थ्य क्षेत्रको विकासका लागि के-कस्ता कार्यक्रमहरू छन् ?**

- जबसम्म नागरिकहरू गुणात्मक शिक्षा पाउँदैनन् र स्वस्थ हुँदैनन् तबसम्म विकासको कल्पना टाढा रहन्छ । आज दुनियाँका विकसित भन्ने देशहरूको उदाहरण हामी हेर्न सक्छौं । जुन देशको शिक्षा प्रणाली राम्रो छ, जुन देशका नागरिक स्वस्थ छन्, ती देशहरूको विकास अतुलनीय छ । हामीले प्राविधिक शिक्षामा जोड दिने नीति

तय गरेका छौं । आधारभूत तथा विद्यालय शिक्षालाई स्थानिय तहसँगको सहकार्यमा आर्थिक, सामाजिक र भौगोलिक परिवेस अनुकूल बनाई गुणात्मक बनाउने गरी कार्यक्रम बनाएका छौं । उच्च शिक्षा प्रदायक क्याम्पसहरू, प्रतिष्ठानहरू र विश्वविद्यालयलाई प्रादेशिक आवश्यकता र अपनत्वसहित संचालन गर्ने नीति लिएका छौं । संविधानले सुनिश्चित गरेको आधारभूत स्वास्थ्य सेवालाई गरिब र निमुखा जनताको सहज पहुँचमा पुग्ने गरी पूर्वाधारहरूको विकास गर्ने तथा सेवालाई विस्तार गरी विश्वसनीय बनाउने कार्यक्रम तय गरेका छौं ।

➢ **सामाजिक विकास मन्त्रालयका आगामी पाँच वर्षका योजनाहरू के-के छन् ?**


राष्ट्रियस्तरभन्दा निकै कम रहेका यस प्रदेशका सामाजिक सूचकहरूलाई आगामी ५ वर्षमा समान स्थितिमा पुऱ्याउन निकै चुनौति छ तर पनि हामीले पुऱ्याउने आँट गरेका छौं । प्रदेशमा मानवीय पूँजीको विकास गरी सामाजिक आर्थिक समृद्धिका लागि आधार तयार पार्नु पनि अर्को महत्वपूर्ण दायित्व भएको छ । आधारभूत शिक्षादेखि उच्च शिक्षासम्म आवश्यक भौतिक पूर्वाधारको विकास गरी गुणस्तरीय बनाउन आवश्यक छ । प्रदेशमा एक मेडिकल कलेज छैन । यसको स्थापना गर्ने, विश्वविद्यालयलाई प्राविधिक र गुणस्तरीय बनाउने, संविधान प्रदत्त नागरिकहरूको आधारभूत शिक्षा र स्वास्थ्यलाई पहुँचमा पुऱ्याउने, सबैखालका विभेदमुक्त र विश्वासयुक्त समाज निर्माणको आधार तयार पार्ने जस्ता कार्यक्रमहरू आगामी पाँच वर्षका लागि तय गरिएको छ ।

➢ **सामाजिक विकास मन्त्रालयले सम्पादन गर्ने कार्य जिम्मेवारी तथा क्षेत्राधिकारहरू के-के हुन् ?**

- यो मन्त्रालयमा विभिन्न आठ वटा विभागीय जिम्मेवारी रहेका छन् । शिक्षा, स्वास्थ्य, महिला बालबालिका समाजकल्याण, युवा तथा खेलकुद, श्रम तथा रोजगार, भाषा तथा साँस्कृति, खानेपानी तथा सरसफाई, पुस्तकालय संग्राहलय जस्ता कार्यजीम्मेवारी रहेका छन् । समाज विकासका लागि अत्यन्तै महत्वपूण कार्यजीम्मेवारी छन यो मन्त्रालयमा कतिपय क्रसकटिङ्ग सवाल पनि भएकाले एक आपसमा सहयोगी पनि छन् । ❍

## कविता

### उठाउनेछौं फेरि हाम्रो नेपाल अनि नेपालीलाई



**– सुशिला अधिकारी**

अहँ डग्मगिदैनौं हामी कहिले पनि
जति हल्लाउन खोज तिमी
जति ढलाउन खोज तिमी
उठाइरहनेछौं ढलेकालाई हामी
अहँ आत्तिने छैनौं केही गरी
बनाउनेछौं फेरि हाम्रो नेपाललाई
अनि उठाउनेछौं फेरि सारा नेपालीलाई
हो, लेऊ जति लिन्छौ परीक्षा
हामी उत्तीर्ण हुँदै जानेछौं हरेक पल
हाम्रा एक दुई शरीर ढल्लान्
तर हाम्रो आत्मबल ढलेको छैन
हाम्रा घर ढलेका होलान्
तर मन ढलेको छैन,
जुट्दैछौं फेरि हामी काँधमा काँध राखी
डग्मगाउँदैनौ तिम्रा कुनै चुनौतिदेखि
उठाउनेछौं फेरि हाम्रो नेपाल अनि नेपालीलाई
जति हल्लाउन खोज तिमी
जति ढलाउन खोज तिमी
अहँ आत्तिदैनौं केही गरी
उठाउनेछौं फेरि हाम्रो नेपाल अनि नेपालीलाई ॥

## कविता

### मेरो कर्णाली प्रदेश



**– बुद्धिप्रसाद रिजाल**

पूर्वमा भेरी बग्दा पश्चिममा कर्णाली
पहाड हिमाल दश जिल्लामा विकास भयो खाली ।
श्रीस्थान, नाविस्थान, कोटिला, पादुका, धुलेश्वर पञ्चकोशी
मनमोहक पुरातत्वले भरिएको देवस्थल दैलेख गढी ।
अग्लो लामो पाताल-झरना दुर्गम जिल्ला कालिकोट
संस्कृति र परम्पराको जगेर्ना गर्ने जिल्ला जाजरकोट ।
जुम्ला जिल्ला चन्दननाथ सिंजाकी कनकासुन्दरी
डोल्पाको से-फोक्सुण्डो ताल दर्शन छ त्रिपुरासुन्दरी ।
देउतीबज्यै, काँक्रेविहार, सिद्धपाइला, बुलबुले जाजुरा दह सुर्खेतको चिनारी
भेरीपारी सल्यान जिल्ला वनगाढमा ताल छ कुभिण्डे सुन्दरी ।
पश्चिम रुकुम चौरजहारी रमाइलो छ स्यार्पुताल
मुगुमा स्वर्गकी अप्सरा देशकै ठूलो रारा ताल ।
प्रकृतिको धनी रहेछ पहाड र हिमाल
जोडी-जोडी नाच्दा हुन डाँफे र मुनाल ।
पर्यटनको घुइँचो लाग्ने कैलाश मानसरोवर
विकासको मूल फुटाऔं खोली हुम्ला कारिडोर ॥

# अपार स्रोत साधन छ, परिचालन छैन



- रामप्रसाद थपलिया

कर्णाली प्रदेश सबैभन्दा कम विकासका सूचकाङ्क भएको प्रदेश हो । राज्यको पुनसंरचनाको क्रममा ६ नं. प्रदेशको रूपमा परिचित यो प्रदेशको नाम "कर्णाली" र राजधानी सुर्खेतको "वीरेन्द्रनगर" कर्णाली प्रदेश सभाले राजनैतिक सर्वसहमतिमा गर्न सफल भएको छ ।

अपार प्राकृतिक स्रोत-साधनको भण्डार रहेको यस प्रदेशमा भएको विनियोजन र लगानीले स्थानीय जनताको परिचालन आशातित हुन नसकेको सबै पक्षको बुझाई रहेको छ । त्यस्तै प्रदेशका जनताको मनोभावना पनि केन्द्र सरकारप्रति नै बढी आश्रित हुने गरेको अवस्थामा कर्णाली प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनले २०७५ श्रावणदेखि एउटा नयाँ अध्याय शुरू गर्नेछ ।

वस्तुतः आर्थिक, सामाजिक विकास र रूपान्तरणका लागि यस प्रदेशमा रहेका ७९ स्थानीय तहसँगै प्रदेश सरकार पनि क्रियाशिल रहेको छ । तथापि यस प्रदेशको आर्थिक सामाजिक विकास र समृद्धिमा थुप्रै चुनौतिका पहाडहरू विद्यमान रहेका छन् । यो प्रदेशको विकास र समृद्धिप्रति चिन्ता र चासो देखाउने र प्रदेश सरकार सबैका लागि यो विषय नै केन्द्रविन्दुमा रहिरहेको छ ।

यस प्रदेशका वर्तमान आर्थिक परिदृश्य त्यत्ति आशालाग्दा पनि देखिएको छैन । प्रदेशका जनता आयातित न्यून गुणस्तरको खाद्यान्नमा परनिर्भर बनेको छ । निर्यात बढाउने गरी लागु गरिएको कार्यालयले जनतालाई परिचालन गर्न सकेको छैन । उत्पादन र उत्पादकत्व बढाउन सकिएको छैन । फलफूलको उत्पादन बढाउन सकिए पनि बजारीकरणमा कमजोर रहेको छ । प्रदेशभित्रका १० जिल्लाहरूमध्ये धेरै जिल्लामा खाद्यान्न उत्पादन न्यूनताले गर्दा खाद्य असुरक्षालाई टार्न अनुदानित चामल लगायतको खाद्यन्न ढुव ानी गरी वितरण गरिने गरिएको छ ।

सिंचाईको अवस्था कमजोर छ । नदीको सतहभन्दा खेती गर्ने जमिन निक्कै नै उचाईमा रहेकोले लिफ्ट सिंचाई प्रणाली शुरू गर्नुपर्नेछ, जसको लागि विद्युतको उत्पादन र आपूर्तिको व्यवस्थालाई सुधार गर्नुपर्नेछ ।

उद्योगको संख्या अत्यन्तै न्यून छ । वीरेन्द्रनगरमा रहेको औद्योगिक क्षेत्रमा उद्योगीहरूको आकर्षण न्यून छ ।

राजधानी शहर जोड्ने सडक साँगुरो दुई लेनको मात्र रहेसम्म औद्योगीकरणमा लगानीको सम्भावना न्यून हुनेछ ।

जलविद्युत परियोजना र वन क्षेत्रको कार्य जिम्मेवारी केन्द्रीय सरकारकै रहेकोले यो क्षेत्रमा प्रदेश सरकारले समन्वयकारी भूमिका मात्र निभाउनेछ ।

यस प्रदेशको क्षेत्रफल १९.०१५ र जनसंख्या ९.६३५ रहेको छ । यस प्रदेशका बस्तीहरू यत्रतत्र छरिएका छन् । सुरक्षित एकीकृत बस्ती विकास कार्यक्रम संचालन गर्न स्थानीय सरकार र केन्द्रीय सरकारसँग बढी अधिकार र जिम्मेवारी रहेकोले प्रदेश सरकारले एकीकृत बस्ती विकासको कार्यक्रम गर्दा दुवै तहको सरकारको साथ र समर्थन लिनुपर्नेछ ।

वन क्षेत्र र राष्ट्रिय निकुञ्ज तथा आरक्षहरूबाट हुने आम्दानी र स्रोतको परिचालनमा प्रदेश सरकारले सहयोगी भूमिका निभाउन सक्नेछ ।

राजधानी शहर वीरेन्द्रनगरबाट हिमाली जिल्लाहरूमा उडान गर्न उत्प्रेरित गर्ने गरी हवाई इन्धनमा अनुदान दिने नीतिले उडान गर्न हवाई कम्पनीहरू उत्प्रेरित हुने विश्वास लिइएको छ ।

आर्थिक सामाजिक परिसूचकहरू अन्य प्रदेशको तुलनामा यस प्रदेशको धेरै न्यून त छदैछ, त्यसको वृद्धिका लागि गर्नुपर्ने लगानी र सोको प्रतिफल पनि यहाँको विशेष हावापानी तथा भूगोलको कारणले आशातित प्रतिफल उन्मुख छैन ।

माथिका दृष्टान्तहरूले कर्णाली प्रदेश अथाह स्रोत-साधन भएर पनि त्यस्ता स्रोत-साधनको परिचालनमा कमजोर रहेको छ । साथै यस प्रदेशको समृद्धिका लागि थुप्रै चुनौतिहरू पार गर्नुपर्नेछ ।

व्यापार बाणिज्यमा आवश्यक पर्ने सीमानाका दक्षिणतिर हुँदै नहुनु, उतरतर्फ विकटता र जनसंख्या कम रहनुले पनि सम-विकासमा चुनौतीहरू थपेको छ ।

यस परिस्थितिमा संघीयताको कार्यान्वयन गर्ने क्रममा प्रदेश सरकारले आ.व.०७४/७५ को चार महिनाको लागि नीति तथा कार्यक्रम र बजेट नै प्रस्तुत गरी स्वीकृत भएको तर संरचनागत व्यवस्था नभएको कारणले कार्यान्वयनमा जनताले अनुभूति गर्ने तहमा जानै सकेन ।

आ.व.०७५/७६ को लागि १७४ बुँदाको नीति तथा कार्यक्रम र २७४ बुँदाको बजेट वक्तव्य कर्णाली प्रदेश सभामा प्रस्तुत भई स्वीकृत भएको सन्दर्भमा चालु आर्थिक वर्षको कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकारले स्थानीय तह तथा नेपाल सरकारसँग समन्वय गरी स्रोतको सदुपयोग गर्दै संवैधानिक अधिकार क्षेत्रभित्र रही जनपरिचालन गर्दै आफ्ना कार्यक्रमहरूको कार्यान्वयन गर्नुपर्नेछ । मुलुकमा रहेका ७६१ सरकारहरूमध्ये कर्णाली प्रदेशमै ७९ स्थानीय सरकार र १ प्रदेश सरकारले मिलेर कार्य गर्नुपर्ने । नयाँ संस्कार र पद्धतिको निर्माण गर्दै स्रोतसाधनलाई वितरणमुखी हुनबाट जोगाउन सकिए मात्र यहाँको स्रोतसाधनको परिचालन गर्न सकिनेछ । संघीयताको कार्यान्वयनमा आपसी विश्वास र सहकार्यको वातावरण बनाउन समाजका सबै पक्षले सरकारलाई सघाउनुपर्ने देखिएको छ । ❍

*(लेखक हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेतमा प्रमुख सचिव पदमा कार्यरत हुनुहुन्छ ।)*

# समृद्धिका पाँच 'शक्ति'



- जयनारायण आचार्य

हामीले पढ्ने इतिहासका पानामा नेपाल विश्व मानचित्रमा समृद्ध एवम् सभ्य मुलुक थियो रे भन्दै गर्दा र अहिले गरिब र पछौटेपनको उपमा पाउँदा हरेक नेपालीको मन त्यसै कुडिएर आउँछ । अझ नेपालीको विदेशिने क्रमसँगै बढेको अन्तरघुलन, विश्व प्रतिस्पर्धा र खुल्लापनलाई नजिकबाट निहाल्ने मौका पाएका नेपालीहरूलाई यो अवस्थाले निराश त बनाउँछ नै तर सँगै प्रतिस्पर्धी बन्ने र समृद्धि हुने चाहाना भने बढाएको छ । अझ खाडीमा पसिना बगाउन नपरी आफ्नै माटोमा रंगिने मन हरेक नागरिकलाई हुन्छ । मुलुकको विगतदेखिको अवस्था तुलना गर्दा तत्काल समृद्धिको प्राप्ति टाढा त देखिन्छ तर असम्भव भन्ने छैन । हामी स्रोत र आवश्यकताको प्राथमिकीकरण, जवाफदेहिता, प्रणालीमा आधारित पद्दति, सीप र दक्षता विकासमा जोड दिने र अनुशासित हुने हो भने एकदशकमा विश्वको मानव निर्मित सुन्दरतालाई प्राकृतिक सुन्दरताले चुनौति दिन सक्नेछौं ।

आधुनिक रूपमा प्रथम पञ्चबर्षीय योजनाबाट योजना, बजेट र कार्यक्रम ल्याई नेपालले आफ्नो विकासको खाका कोरेको हो । करिब बैसट्ठी बर्षको योजना इतिहास र चौधवटा समृद्धिका योजना बने पनि नेपालीको जीवनस्तर देखिने गरी वा भनौं हुनपर्ने जति भएको छैन । अन्य मुलुकको समान अवस्था र तहबाट समान समयावधिमा विकासको फरक दृश्य देखिएकोले आम नागरिकले आफ्नो विकासको मापदण्डमा दोष देख्नु स्वभाविक पनि हो ।

नेपालको संविधानले राज्य सञ्चालनमा नागरिकको अधिकतम सहभागिता र नजिकको सरकारबाट आफ्नो समृद्धिको खाका कोर्ने जिम्मेवारीसहित राज्यलाई संघीयकरण गरेको छ । राज्यका तीन तहहरू सबैले सार्वभौमसत्ताको उपभोग गर्ने गरी संविधानले एकल र साझा सूची प्रष्ट्याइदिएको छ । अब सीमित स्रोतको अधिकतम उपयोग हुने गरी राज्य संचालनको अभिभारा आएको छ । विलासित, मनोमानी र प्रणाली विहिनताको विगतलाई सादगी, उपयोगितामा आधारित र पद्दतिमा ढाल्न जरूरी छ ।

नेपालको इतिहास गौरवशाली छ, त्यो त्यसै भनिएको होइन । अमेरिकामा कालाजाति दास रहँदा हामी यहाँ समानताको डोरीमा थियौं, पेशाको आधारमा जातिप्रथा कुरीतिको रूपमा पछि विकास भए पनि हाम्रो प्राचीन संस्कृतिमा त्यो प्रचलनमा थिएन । युरोपमा मान्छेले कान्ला कोट्याउने समयमा हामी हलोले खेत जोत्थ्यौं । आधुनिक खेती गर्न कुलो-कुलेसोको अभ्यास संसारले नजान्दै हामीले गर्‍यौं । अझैं सिञ्जा, जुम्लामा मल्लकालीन कुलोबाटै कालोमार्सी धान खेती गरिन्छ । संसारले ढल भन्ने नजानेको बेला हाम्रो राज्यमा माटोको ढल भेटिएका छन्, सिञ्जाकै लामथाडा (शेरा) मा ।

अझ हाम्रो वीरताको गाथा छुट्टै छ, जो समृद्धिसँगै जोडिन्छ । कमजोर मान्छे, समाज वा राष्ट्र वीरतापूर्ण बन्न सक्दैन । समृद्ध थियौं र त वीर बनेका हौं । यी प्रमाणिक तथ्यले हाम्रो समृद्धि वितगमा संसारले हेर्नयोग्य थियो भन्न कुनै कन्जुस्याइँ गर्न पर्दैन होला ।

विश्वका सबैजसो देश उपनिवेश हुँदा नेपाल किन उपनिवेश भएन भन्ने तथ्य मनन गर्ने हो भने हाम्रो राष्ट्रिय चेतना एकदमै माथि रहेको मान्न सकिन्छ । हाम्रो चेतनाको स्तर उँचो भएर नै कसैको दास हुन स्वीकार्न नसकेको हो । बरू ज्यान दिन तयार भए हाम्रो पूर्खा तर दासत्व स्वीकार गरेनन् । संसारले नसोचेको लोकतान्त्रिक चेतना हामीबीच थियो । हामीले सदियौं पहिला विकेन्द्रीकरणको अभ्यास गर्‍यौं । कामको विभाजन गर्‍यौं । कर्मको आधार तोक्यौं । तर असल कर्मलाई बङ्याएर जाति, श्रमलाई जातमा बदलेर जब श्रमप्रति सम्मान गर्न छोड्यौं त्यहीबाट हामी सभ्यतासँग सम्बन्धविच्छेद गरी समृद्धिबाट टाढा हुँदै गयौं । त्यसैको फलस्वरूप हामी ठेला चलाउनभन्दा ठेलीन, कपाल काट्नभन्दा कोच्चिन, खेतमा खन्नभन्दा खेदिन आफ्नो देश छोड्न सहज मान्छौं । यो आजको मात्रै दोष होइन, न विदेश जानेको नै दोष हो । हामीले जब हाम्रो समृद्ध सभ्यता छोड्यौं र विकृत बनायौं, त्यहींबाट शुरू भएको हो समृद्धिको अभियानमा कमजोर उपस्थिति ।

यो प्रसंगको उठान त्यहीं सभ्यताबाट समृद्धि खोजी गरौं भन्ने भावले गरिएको हो । मुलुक जब आफ्नो सभ्यताबाट विचलित हुन्छ, त्यहाँ विकृति शुरू हुन्छ । जहाँ सभ्यता हुँदैन, त्यहाँ प्रकृतिको संरक्षण हुँदैन र त त्यस्ता मुलुकको, समाजको र व्यक्तिको समृद्धि हुँदैन । यी सबैको कुशल परिचालक, शक्तिको असल प्रयोग र समृद्धिको आशक्ति राज्य संयन्त्रमा निर्भर रहन्छ । शक्तिहरूको प्रयोग समुचित र समृद्धिको यात्रामा लक्षित होस् भन्ने हेतुले सार्वजनिक बहसको लागि यो बिषय उठान गरिएको हो ।

## सभ्यता शक्ति

माथिको गन्थनले हामी हाम्रो सभ्यताको बिसौनीको संघारमा पुग्दैछौं भन्न डराउन परेन । हाम्रो सामाजिक सवलता र सामाजिक परिचालनको पाटो बिर्सेर दाता र पैंसाको लोभमा समृद्धि खोजी गर्दैछौं । वर्ल्ड बैंककी पूर्व कन्सल्ट्यान्ट दाम्बिसा मोयोले 'डेड एड' लेखेर त्यसले अफ्रिकामा पारेको असर व्याख्या गरेकी छिन् । शताब्दी हुँदा पनि नफेरिएको जीवनशैली, दातासँग बढेको परनिर्भरता र पिल्सिएको विकासमाथि राम्रै चिरफार गरेकी छिन् उनले । कतै हामी त्यही मोयोको लेखाइको उदाहरण त बनेका छैनौं ? हाम्रा परनिर्भरताको बढ्दो संकेतले चिन्ता मान्नुपर्ने भइसकेको छ । यहाँ म एउटा परिघटनाबाट त्यो प्रष्ट्याउन चाहान्छु ।

भू-कम्प पश्चातको पुनःनिर्माण आजसम्म तातो आलु भएको छ । तीन बर्ष बिते पनि वास्तविक प्रभावितहरू पालमा कुँजिन बाध्य छन् । यहिंनेर हाम्रो सभ्यता बिर्सिएर सभ्य बन्ने प्रयत्न गर्‍यौं । दाताको दातव्यमा रुमलियौं । हाम्रो सभ्यता भनेको सामाजिक दायित्वपूर्ण छ वा एकअर्काको सहयोग र समन्वयमा हामीले विगत समृद्ध बनाएका हौं । गरिबलाई दान दिने हाम्रो प्रचलन हो । हामीले खाली भू-कम्पको जोखिम न्यूनीकरण गर्ने घर निर्माण मापन प्रणाली तय गरिदिएर जो-जसरी घर बनाऊ भनेर छोडिदिएको भए एक बर्षमै सबै आबासीय संरचना बनिसक्ने थियो । हामीले अहिले पनि गाउँघरमा घर बनाउँदा एकअर्काको सहयोगमै सम्पन्न गर्ने गर्छौं । घर निर्माणको मापदण्ड र स्तर तोकी सम्पन्न भएको एक हप्तामा राज्यले दिने सहयोग प्राप्त हुने प्रणाली बनाइदिएको भए हामी आफ्नै बलमा निर्माण गरिसक्ने थियौं तर

हामीले हाम्रो सभ्यता, पद्दति, जीवनशैली र सामाजिक व्यवहार बिर्सेर मगन्ते बनाउने प्रयत्न गरिरहयौं ।

सहायता चाहिन सक्छ, तर हाम्रो आवश्यकता र मागमा आधारित । हामी संसारको खुल्ला मैदानबाट बाहिरिन त सक्दैनौं तर दौडने आफ्नै तरिका र क्षमतामा हो कसैले घचेटेर हुन सक्दैन। हाम्रो सभ्यता र संस्कृतिको भित्रीपाटो अमेरिका, भारत, चीनलाई थाह हुँदैन तसर्थ हाम्रो सभ्यताका परिवाहक हामी आफैले निर्माण गर्नुपर्छ । धरहरा र हनुमानढोका हामीले बनाउनु पर्छ । ढलेका बस्तीको टेको हामीले दिने हो । अनि त शासकीय वैद्यता नागरिकले प्रदान गर्छन् ।

हामी इतिहासमा उपनिवेश भएनौं, कसैको दासत्व स्वीकारेनौं अब किन साबुनपानीले हात धुनेदेखि पखाला लागेमा जीवनजल खाऔं भन्ने सामान्य विज्ञापनको लागि आर्थिक दासत्व स्वीकार गर्ने ? हाम्रो माग र आवश्यकताको आधारमा गरिने सहकार्यलाई स्वीकार त गर्न सकिएला तर सभ्यतामाथिको हस्तक्षेप र सहयोगका नाममा हुने अधिनस्तता स्वीकारिनु हुन्न । हामीले हाम्रै सवलपनमा जोड दिनुपर्छ । अबको विकास सभ्यतालाई संरक्षण गर्दै, हाम्रो विगतदेखिको सामाजिक सबलता र सम्बन्धमा आधारित भएर गऱ्यौं भने समृद्धि टाढा हुँदैन । अरूले दिने नाममा बर्षौं नागरिकलाई चउरको बास गराउने प्रवृत्तिबाट सजक हुन जरूरी छ । जो नहुनुपर्ने थियो त्यही भयो, तसर्थ हामी जहाँको त्यहीँ छौं । फ्रेस रिग्सको इकोलोजिकल मोडेलमा भनेझैं हाम्रो समाज, पद्दति, परिस्थिति र अवस्थाको आधारमा नै हाम्रा नीति र कार्यक्रम तय गरिनु पर्छ ।

## प्राकृतिक शक्ति

हामी समृद्ध हुने प्रकृतिले मात्रै हो । प्रकृति सभ्यता हो, स्रोत हो, साधन हो र हाम्रो सत्य पनि त्यही हो । प्रकृतिले हामीलाई सुन्दर हिमाल, पहाड र तराई दिएको छ । संसारका हरेक मुलुकको हावापानी र भूगोल यहाँ पाइन्छ । नेपाल संसारको शीर मात्रै होइन, संग्रहालय पनि हो । हामी बाँच्ने यही प्रकृतिको सन्तुलित उपयोगबाट मात्रै हो तर नबुझी हामी हाम्रो सभ्यतालाई समापन गर्ने हतारो गर्दैछौं । नदीलाई ढल, पहाडलाई नाङ्गो, हिमाललाई कालो, तराईलाई डुबान हुने गरी हाम्रा गतिविधि अधिक हुँदै गएका छन् । तीनवटा सुन्दर भू-भागलाई यसको विषेशता र जोडिएका जीवनका आधारबाट क्रमशः जात, क्षेत्र र वर्गीय दृष्टिबाट हेर्न थाल्यौं, त्यसैको परिणाम नै आज हाम्रो उत्कृष्ट सभ्यताबाट स्खलित हुँदै गएका छौं । यसर्थ प्रकृतिको समूचित संरक्षण गरी यसको सन्तुलित दोहन गर्ने शक्ति आवश्यक छ । जो दक्ष जनशक्तिबाट सम्भव छ । नेपालको समृद्धि प्राकृतिक स्रोत र यसको भौगोलिक अन्तरसम्बन्धबाट मात्रै सम्भव छ । हामीले भूगोल र समृद्धिलाई फरक बनायौं वा फरक रूपमा बुझ्यौं भने त्यो समस्या मात्र हुन्छ, शक्ति होइन ।

नेपालको संघीय संरचनामा समृद्धिको सहकार्यता र साझा प्रयत्न जरूरी छ । आजै सीमाका विवाद, स्रोतको विवाद शुरू भएका समाचारले हामी कठीन यात्रामा हिंडेको महशुस हुन्छ । प्रकृतिको उपहारलाई हाम्रा क्षेत्रीय सीमामा सीमित नराखेर समग्र राष्ट्रको हितमा कार्य गर्ने संरक्षण र उपयोगको शक्ति जरूरी छ । प्रकृति सभ्यता हो, यसको सभ्य उपयोग नै दीगो समृद्धिको आधार हुन्छ । घर भएको ठाउँमा बाटो लान वन सकाउने र पहाड खोल्स्याउने होइन, बाटो भएको ठाउँमा मान्छे बस्ने हो । राजनीतिक लाभको लागि प्रकृतिको नाश र लगानीको सत्यानाश गर्ने विकासले समृद्धि होइन, जोखिम निम्त्याउँछ तसर्थ सभ्य विकासबाट नै समृद्धि खोजी गरिनुपर्छ ।

## शासकीय शक्ति

शक्तिको आफ्नै वैज्ञानिक, सामाजिक, राजनीतिक, प्रशासनिक र शासकीय मूल्य र अर्थ छ । शक्ति तीखो हतियार हो, जसले जसरी चलाउँछ त्यसरी नै यसको परिणाम आउँछ । यहाँ शक्तिको उपयोग समृद्धिको लागि होस् भन्ने चाहना हो । संसारका शासक जसले शक्तिलाई राष्ट्र हित र विकासमा लगाए तिनीहरूकै कारण देश समृद्धिको उत्कृष्ट अवस्थामा छन् । जहाँ शक्तिको उपयोग आफ्नो मात्र भलाईको लागि भयो, त्यो भोग र फाइदामा सीमित रहयो । देश गरिब तर शासक धनी हुने पद्दति शासकीय शक्तिको दुरूपयोग हो । नेपालको विगत राणादेखि शाहकालीन शक्तिसम्म पारिवारिक लाभको लागि थियो । प्रजातन्त्रको स्थापनापश्चात शासक परिवर्तन भए पनि शक्तिको प्रयोगको आशक्ति फेरिएन फलतः हामी समृद्धिको चाहानामा अझैं भोका छौं । दक्षिण एसियाका पाकिस्तान, बंगलादेश, अफगानिस्तानमा त्यही शक्तिको उल्टो उपयोग भएको कारण हाम्रो अवस्थासँगै गुज्रेका छन् ।

उता शक्तिको सही सदुपयोग गरेका एसियाली राष्ट्रहरू कोरियाका पार्क चुङ हि, मलेशियाका महाथिर मोहसिन, सिंगापुरका लि क्वान यू, चीनका देङ सियाओ पिङले हामीभन्दा कमजोर राष्ट्रलाई दुईदशकमै विकासको स्वाद चखाए । तसर्थ शक्तिको उपयोग समृद्धिको लागि हुनुपर्ने हुन्छ न कि राणा, शाह वा छिमेकी बादशाहको झैं । अबको शक्तिको प्रयोग पार्क, मोहसिन, लि क्वान र पिङको झैं हुन जरूरी छ ।

अर्को अर्थमा भन्ने हो भने शासकीय वैद्यताको आधार नै शासकीय शक्तिको असल प्रयोग हो । राज्य प्रणाली जुन वाद, प्रतिवाद वा विचारमा आधारित भए पनि शासकीय शक्तिलाई वैद्यता दिने भनेकै शक्तिको समुचित र समृद्धिका लागि गरिएको प्रयोग हो ।

हाम्रो सन्दर्भमा सरकारले निर्णय गर्ने तर कार्यान्वयन नहुने, नीति बन्ने तर परिणाममुखी नहुने, संयन्त्र बन्ने तर प्रतिफल नदिने जुन पद्दति र प्रणाली छ त्यसले वैद्य भए पनि वैद्यता नपाउने अवस्था छ । वैद्यता नागरिकले राज्य संयन्त्रमाथि र उसले गर्ने गराउने काममा हुने विश्वास हो, तसर्थ शासकीय शक्तिको उपयोग राष्ट्र समृद्धिको लागि हुन जरूरी छ ।

## समृद्धिको आशक्ति

शक्ति काम गराउने हतियार हो भने आशक्ति अन्तरमनको चाहना । शक्ति र आशक्ति एकअर्काका पूरक हुन् । आशक्तिविनाको शक्तिले यथास्थितिलाई बोक्छ भने शक्तिविनाको आशक्ति प्रयोगविहिन । मानौं सामान्य नागरिकसँग विकासको आशक्तिलाई समृद्धिमा लाने आवश्यक शक्ति हुँदैन तसर्थ त्यो केवल चाहनामै सीमित हुन्छन् । लोकतन्त्रमा नागरिक नै शक्तिको सम्पूर्ण स्रोत माने पनि यथार्थमा हामीले शक्ति सम्पन्न नागरिकी लोकतन्त्रको अभ्यास गर्न पाएका छैनौं । तसर्थ नागरिकले विश्वास गरेको सरकारले नै अब समृद्धिमा आशक्ति देखाउने हो । माथि फरक तरिकाले उल्लेख गरिएका राणा, शाह, मुसरफहरू र पार्क, मोहसिन, लि क्वान र पिङबीचको शक्तिका उपयोग र

समृद्धिको अवस्थाले नै स्पष्ट हुन्छ शक्ति र आशक्तिको सम्बन्ध र समृद्धिको प्राप्ति । शक्तिमा हुनेले समृद्धिको आशक्ति बोक्यो भने सभ्यता, संरक्षण र शक्तिको साधन स्वत: गतिशील हुन्छ र लक्ष्यभेद गर्न दशककै समय काफी हुन्छ ।

**जनशक्ति**

सायद जनशक्ति व्यवस्थापन, बजारको माग, शासकीय आवश्यकताको समुचित अध्ययन र तालमेल बनाउन नसकेरै होला हामी जनशक्तिको विषयमा साह्रै पछाडि छौं । देशको समृद्धि कोर्ने र शासकीय इच्छालाई वस्तुगत तहमा रूपान्तरण गर्ने काम जनशक्ति नै हो । हाम्रो आवश्यकता र मागअनुरूपको जनशक्ति प्राप्ति र उपयोग अहिलेको आवश्यकता हो । जनशक्तिको प्राप्ति, विकास, उपयोग, दक्षता वृद्धि गर्ने विषयमा हामी रूखो छौं । पछिल्लो निजामती सेवा ऐनका संशोधित प्राबधानहरूले कर्मचारीको क्षमता बृद्धि र प्रतिस्पर्धालाई संकुचित बनाएको देखिन्छ । जनशक्ति विकासमा राज्य उदासिन हुन हुँदैन, लगानी नगरी प्रतिफल प्राप्त हुँदैन चाहे व्यापारिक होस् वा प्रशासनिक । नेपाली बजारको माग मात्र नभई अहिलेको रोजगारीको आधार रहेको वैदेशिक मागलाई समेत राज्यले सम्बोधन गरी उच्च सीपयुक्त जनशक्ति उत्पादन गर्न जरूरी छ । हामीसँग अहिले समृद्धिको उर्भर समय छ । काम गर्न सक्ने जनशक्ति सन्ताउन्न प्रतिशत भएको देशले जनशक्तिको विकास र उपयोग नीतिमार्फत समृद्धि कोर्ने हो । जन्मदरको घट्नेक्रमसँगै अबको दुई दशकपछि हाम्रो देशमा बृद्धको संख्या बढ्दै जाने भएकोले श्रमयोग्य जनशक्तिको अधिकतम उपयोग नै अहिलेको समृद्धिको प्रमुख आधार हो । यसको विकासमा जति धेरै स्रोत र समय खर्चिन्छौं त्यति नै चाँडो समृद्धि प्राप्त हुने हो ।

शक्तिका अनेक आयामहरू छन् । ती सबै आयामहरूको एउटै गन्तब्य समृद्धि रहयो भने हामीले विकासशील हुने समयावधिमै लक्ष्य प्राप्त गर्न सक्नेछौं । केवल यी शक्तिरूको समुचित व्यवस्थापनको नेतृत्व, चाहाना र संरचनाको जरूरी छ । ❍

*(लेखक प्रदेश प्रमुखको कार्यालय, सुर्खेतमा सचिव पदमा कार्यरत हुनुहुन्छ । यसमा लेखिएका विषय नितान्त व्यक्तिगत विचार हुन्, संगठन र सेवाको कुनै संलग्नता वा सरोकार छैन ।)*

**You can catch me on;**
**E-mail:** jn29acharya@gmail.com
**Twiter:** @JayaAcharyajee **Facebook:** Jaya Acharya/jaya.acharya.10

## प्रदेश प्रमुखको कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण

| क. सं. | कर्मचारीको नाम, थर | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जयनारायण आचार्य | सचिव (रा.प. प्रथम सह-सचिव) | ९८४९६६५८१४ | |
| २ | श्री राजिव पोखेल | उप-सचिव (रा.प. द्वितीय) | ९८४१२७२१३८ | |
| ३ | श्री विनोदकुमार पोखेल | उप-सचिव (रा.प. द्वितीय) | ९८५१०८४३९८ | |
| ४ | श्री देवीप्रसाद पौडेल | शाखा अधिकृत | ९८४८१४०६३३ | |
| ५ | श्री निर्मला रेग्मी | शाखा अधिकृत | ९८४८०३७१०० | |
| ६ | श्री मिनबहादुर ठाडा | लेखा अधिकृत | ९८५८०५३१९१ | |
| ७ | श्री सुशिला अधिकारी | कानून अधिकृत | ९८४१९५३६७४ | |
| ८ | श्री ज्ञानुलक्ष्मी चौलागाई | शाखा अधिकृत | ९८४९१५९४१४ | |
| ९ | श्री शिवराज पोखरेल | कम्प्यूटर अधिकृत | ९८५१०९५०६० | |
| १० | - | प्रोटोकल अधिकृत | | |
| ११ | श्री दुर्गाकुमारी उपाध्याय | नायब सुब्बा | ९८४८१२३९९० | |
| १२ | श्री सुरेन्द्रबहादुर थापा | नायब सुब्बा | ९८४८०२६९७५ | |
| १३ | श्री पदमबहादुर रावल | कम्प्यूटर अपरेटर | ९८४८१०७८४८ | |
| १४ | श्री बुद्धिप्रसाद रिजाल | ह.स.चा. | ९८४८०४०५६३ | |
| १५ | श्री दिपेन ठाडा | ह.स.चा. | ९८४८०९९८६० | |
| १६ | श्री कृष्णहरि ढकाल | कार्यालय सहयोगी | ९८६८०२७४०७ | |
| १७ | श्री चन्द्रलाल जैसी | कार्यालय सहयोगी | ९८४८१०३२९४ | |
| १८ | श्री देवेन्द्र चन्द | कार्यालय सहयोगी | ९८६८०३१५३४ | |

# कर्णाली प्रदेशमा सुशासनको वर्तमान अवस्था र समृद्धिको चाहना



– पीताम्बर ढकाल

**पृष्ठभूमिः** नेपालको संविधानले नेपालको शासकीय स्वरुप र राज्य पुनःसंरचनाको खाका कोरेको छ। सोही संविधानबमोजिम नेपाललाई सात प्रदेशमा विभाजन गरिएको छ। प्रदेश विभाजनको क्रममा ७५ जिल्लाबाट दुईवटा जिल्ला थप गरी ७७ पुर्‍याइएको छ। त्यसमध्ये छैठौं नम्बरमा रहेको यो प्रदेशलाई कर्णाली प्रदेश बनाइएको छ भने साविकको मध्यपश्चिमाञ्चल विकासक्षेत्रको सदरमुकामको रुपमा रहेको सुर्खेत जिल्लाको वीरेन्द्रनगरलाई यस प्रदेशको राजधानी बनाइएको छ। औचित्यका आधारमा प्रदेशको नामाकरण र राजधानी तोक्नुलाई यस प्रदेशका जनताले स्वाभाविक रुपमा स्वीकार गरेका छन्।

नेपालमा संघीयताको सम्भावना र सम्भावित परिणाम जे-भए पनि संविधान र कानुनको प्रतिकूल जानु संघीयताको अभ्यासको क्रममा उपयुक्त नहोला। प्रदेश सरकारको गठन भएको लामो समय वितिसक्दा पनि छैठौं प्रदेशको रुपमा स्थापित कर्णाली प्रदेशबाहेक यो पङ्तिकारले यी शब्द कोर्दासम्म अरु कसैले पनि प्रदेशको नामाकरण राजधानी तोक्न सकेका छैनन्। कसले के गर्छ ? त्यसको आधारमा निर्णय गर्ने भनेर पर्ख र हेरको अवस्थामा छन् बाँकी प्रदेशहरू। परिवर्तनका नाममा पञ्चायतले विभाजन गरेका पाँच विकासक्षेत्र भन्दा सात प्रदेश शक्ति र अधिकारको बाँडफाँडका हिसाबले धेरै उत्तम होला यसलाई नकार्न त मिल्दैन तर केन्द्रको सरकारका मन्त्री र संसदले समेत काम नपाएको अवस्थामा प्रदेशपिच्छे सरकार र संसद गठनबाट राज्यमाथि बढ्दै गएको व्ययभार कहाँबाट व्यहोर्ने ? स्रोत के ? प्रदेश संसद सञ्चालन के ले गर्ने ? मन्त्रालय सञ्चालन गर्ने सीप तथा कौशल भएका कर्मचारीहरूको प्रदेशमा अभाव हुने हो कि भन्ने आशंका पनि जन्मिएको छ। जिल्ला सदरमुकामहरू र राजधानीमा सुविधाजनक ढंगले सुखपूर्वक जागिर गर्नेहरू मोफसलमा गएर सजिलै सेवा गर्न कठिन हुन सक्छ। जे सुकै अवस्था देखिए पनि संविधान र कानुन बनेका छन्, त्यसैको आधारमा प्रदेश विभाजन भएर प्रदेशहरूको राजधानी समेत तोकिइसकिएको र प्रदेश संसद गठन भइसकेको अवस्थामा पछि जे होला भन्दै सबै कुरा थाँती राखेर अगाडि बढ्नुभन्दा अहिलेलाई अर्को उपाय देखिएन।

यसै सन्दर्भमा नवोदित कर्णाली प्रदेश र यसको राजधानी वीरेन्द्रनगर, सुर्खेतको ऐतिहासिक वस्तुस्थिति, कर्णाली प्रदेशको आर्थिक, सामाजिक, शैक्षिक अवस्था तथा परिवेशले संविधानद्वारा परिलक्षित सुशासन, उन्नति तथा समुन्नतिका सम्बन्धमा के-कस्तो प्रभाव पारेको छ र प्रदेशको समुन्नति तथा समृद्धिका लागि के गर्नुपर्ला भन्ने सम्बन्धमा यहाँ संक्षेपमा चर्चा गर्नु उपयुक्त होला।

**कर्णाली प्रदेशः** आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक र अन्य मानवीय क्षेत्रहरूबाट अत्यन्त पिछडिएको साविकको मध्यपश्चिमाञ्चल विकासक्षेत्र क्षेत्रफलको हिसाबले ४२३७८ वर्ग किलोमिटरमा फैलिएको थियो। यस अन्तरगत रुकुम, रोल्पा, सल्यान, प्युठान, दाङ्ग, सुर्खेत, दैलेख, बाँके, बर्दिया, जाजरकोट, कालिकोट, जुम्ला, हुम्ला, मुगु र डोल्पा जिल्ला गरी १५ जिल्ला रहेका थिए। अहिलेको कर्णाली प्रदेशमा प्यूठान, दाङ्ग, पूर्वी रुकुम, बाँके र बर्दिया छैनन्। नव गठित कर्णाली प्रदेशमा रहेका १० जिल्लाको नेपालको कूल भू-भागको १९.७ प्रतिशत ३०३१३ वर्ग किलोमिटर भू-भाग ओगटेको छ।यस प्रदेशको कूल जनसंख्या १५७०४१८ रहेको छ। सुर्खेत र जुम्ला जिल्लाबासीले आन्दोलनको माध्यमबाट छुट्टै प्रदेशको रुपमा नमागेको भए नेपाल सरकारले घोषणा गरेका ६ वटा प्रदेश मात्र रहने थिए र सम्भवतः यो साविकको विगठित छैठौं प्रदेशको एक अंग मात्र रहने थियो। न राजधानी वीरेन्द्रनगर बन्न सक्थ्यो, न त प्रदेशको नाम कर्णाली। त्यसै कारणले प्रदेशको छुट्टै अस्तित्वका लागि साहदत गर्ने शहीदहरू र ज्यानको बाजी लगाएर वारपारको स्थिति सिर्जना नहोउन्जेल लडाईं लड्ने समग्र क्षेत्रबासी दिदीबहिनी तथा दाजुभाइप्रति आभार व्यक्त गर्नैपर्छ। अहिलेको अवस्थामा कर्णालीको अर्थ अभाव, गरिबी, अशिक्षा, रुढी, परम्परा हो भन्ने बुझ्नु पर्छ। कर्णाली प्रदेशको पहिचान यही नै हो। प्रदेश स्वायत्त बन्न नसकेतापनि प्राप्त पहिचानलाई आधार मानेर संघीय वा प्रादेशिक सरकारले काम गर्न सक्यो भने मात्र प्रदेश र प्रदेशबासीको भलो हुने विश्वास गर्न सकिन्छ। यस प्रदेशमा खसहरू (बाहुन, क्षेत्री) को बाहुल्यता भए पनि मगर, गुरुङ्ग, दसनामी, कामी-दमाई, थारु, राजी, बोटे लगायतका जातजातिहरूको पनि बसोबास भएकाले खसान शब्दले सबैलाई समेट्दैनथ्यो होला जति कर्णालीले समेटेकोछ।

यहाँ ६८८३ मिटर उचाईको कान्जिरोवा हिमसृङ्खला, ६५७३ मिटर उचाईको त्रिपुरा हिउँचुली, ६१३९ मिटर अग्लो शेस शिखर, ५९६० मिटर अग्लो कागमारा प्रथम जस्ता हिमसृङ्खलाहरू पर्छन्। त्यसैगरी नेपालको सबैभन्दा ठूलो तालको रुपमा प्राकृतिक रारा ताल रहेको छ। यसको लम्बाई ५.१ किलोमिटर र चौडाई २.७ किलोमिटर रहेको छ। यो समुद्र सतहबाट २९९० मिटरको उचाईमा छ र यस तालको गहिराई १६७ मिटर रहेको छ। नेपालमा सबैभन्दा गहिरो तालको रुपमा रहेको डोल्पा जिल्लाको शे-फोक्सुण्डो ताल यसै प्रदेशमा पर्छ। यसको उत्तर दक्षिण लम्बाई ४.८ किलोमिटर र पूर्व पश्चिम चौडाई १.६ किलोमिटर रहेको छ। यसको गहिराई ६५० मिटर अनुमान लगाइएको छ। एवंप्रकारले सल्यानको कुभिण्डे दह, रुकुमको बासीकोट गाउँपालिकाको स्यार्पु ताल, सानी भेरी, मौराखारा दह, पोखरा दह, साँख दह, चौरजहारी उपत्यका, मुगुकै ऋणमोचन दह, सुर्खेतको बराह ताल र जाजुरा दह, बुलबुले ताल रहेका छन्।

**प्रदेश राजधानी सुर्खेतः** सुर्खेत जिल्ला २४५१ वर्ग किलोमिटरमा पूर्व–पश्चिम फैलिएको छ। सुर्खेत जिल्ला नेपालको संघीय राजधानी काठमाडौंदेखि करिब ६०० किलोमिटर उत्तरपश्चिममा पर्छ। डोल्पा र रुकुम भएर बग्ने भेरी र जुम्ला र कालिकोट भएर बग्ने कर्णाली नदीले यसलाई अँगालोमा बाँधेको छ। कचौरा आकारको वीरेन्द्रनगर उपत्यका ८८ वर्ग किलोमिटरमा फैलिएको सानो उपत्यका हो। वीरेन्द्रनगर नगरपालिकाको क्षेत्रफल २४५.८५ वर्ग किलोमिटर रहेको छ। सुर्खेत जिल्ला समुद्र सतहबाट १९८ मिटरदेखि २३६७ मिटरको उचाईमा पर्छ भने वीरेन्द्रनगर उपत्यका समुद्र सतहबाट ६६५ मिटर उचाईमा रहेको छ। यहाँको साक्षरता दर ७९.६५ प्रतिशत छ। यहाँको अधिकतम तापक्रम ४२.८ ० से. (१४ जुन २०१२) र न्यूनतम ०.७ ० से. (९ जनवरी २०१३) र औषत वार्षिक अधिकतम तापक्रम २८.१ र औषत न्यूनतम तापक्रम १५.३ रहने हुनाले तराईबाट गर्मी छल्न आउनेहरूका लागि तथा हिमाल र पहाडबाट जाडो छल्न आउनेहरूका लागि पनि वीरेन्द्रनगर उपत्यका उपयुक्त छ। यहाँको जलवायु समशितोष्ण छ। सुर्खेत उपत्यका (खाल्टो) को नामाकरण सुर्को, सुर अर्थात देवताहरूको अवस्थल, सुरक्षेत्र जे भए पनि ठूलो र समथर भू-भाग भएको उपत्यका तथा दूनहरूका अगाडि

यो खेतको सुर्को जस्तै सानो छ, सुरक्षित छ, त्यसैले त यो सबैप्रति समभाव र सद्भाव प्रकट गर्ने देवभूमि जस्तै प्यारो बनेकोछ। वीरेन्द्रनगर उपत्यका विगतमा ठूलै नगरको रुपमा थियो भन्ने कुरा यहाँका पौराणिक र पुरातात्त्विक वस्तुहरूले झल्काए छन् । यसको प्रमाण मंगलगढी जलकुण्ड, काँक्रेविहार, लाटिकोइलीको शिव मन्दिर र जन मा.वि. वीरेन्द्रनगर पूर्वतर्फको पुरातात्विक क्षेत्र ।

उल्लिखित कर्णाली प्रदेश र यसको राजधानीको संक्षिप्त चर्चापछि यस प्रदेशको शासन प्रशासनमा विगतको तुलनामा अपेक्षित सुशासन र समृद्धि प्राप्त होला वा नहोला भन्ने सर्वत्र चासोको विषय भएको छ । आवश्यक कानुन बनिसकेका छैनन् । बनेका कानुन पनि भोलिका दिनमा जनताद्वारा स्वीकृत हुने हुन् वा होईनन्, कानुनलाई जिम्मेवार पक्षले जनताप्रति जवाफदेही भएर कार्यान्वयन गर्ने जमर्को गर्छन् वा गर्दैनन्, कानुनको शासन कायम हुनसक्छ वा सक्दैन भन्ने सम्बन्धमा जति मानवीय पक्ष (राजनीतिक र प्रशासनिक दुवै शक्ति) जिम्मेवार मानिन्छ, त्यत्तिकै रुपमा यस प्रदेशको भौतिक पक्ष पनि निर्णायक हुने भएकाले सुशासन र समृद्धिसँग जोडेर विश्लेषण गर्नु उपयुक्त होला ।

**प्रदेशको भौगोलिक अवस्था:** कर्णाली प्रदेशको भौगोलिक अवस्था अन्य प्रदेशहरूको तुलनामा जटिल छ । कूल ३०३१३ वर्ग किलोमिटर (११६६५ वर्ग माईल) भू-भाग ओगटेको यस प्रदेशमा हिमाल, पहाड तथा उपत्यका तथा दूनहरू पर्दछन् । सन् २०११ मा केन्द्रीय तथ्याङ्क विभागले लिएको जनगणना अनुसार यस प्रदेशमा १५ लाख ७० हजार ४ सय १८ जनसंख्या रहेको छ । हाल यसको जनसंख्या १९ लाख बढी हुन सक्छ । कर्णाली नेपालका अन्य प्रदेशहरूको तुलनामा भू-भागका हिसावले सबैभन्दा ठूलो मानिन्छ । तर जनघनत्व प्रति वर्गकिलोमिटर ५२ (१३० प्रति वर्ग माईल) मात्र छ । यो प्रदेशको पूर्वमा चार नम्बर प्रदेश, दक्षिण पूर्वमा पाँच नं. प्रदेश, पश्चिममा सात नम्बर प्रदेश र उत्तरमा चीनको स्वशासित प्रदेश तिब्बत पर्दछ । राज्य तथा प्रदेशको भूभाग सजिलो भयो भने उन्नति र सुशासन सरल हुन्छ तर प्रतिकूल छ भने जनताको पहुँच स्वभावैले कमजोर हुन्छ र लक्ष्य प्राप्त हुन कठिन हुन्छ । त्यसैले यसको उन्नति सम्भव भएर पनि सरल छैन ।

**जलवायु:** भौगोलिक अवस्था जस्तै जलवायुको दृष्टिले पनि कर्णाली प्रदेश जत्तिको जटिल छ उत्तिकै मनमोहक पनि छ । यहाँको जलवायु शीत र समशीतोष्ण रहेको छ । यस प्रदेशमा तराई नजोडिएको कारणले उष्ण जलवायु पाइँदैन । उत्तरी हिमाली भेगमा बाह्रै महिना चिसो र दक्षिणी पहाडी, उपत्यका तथा दूनहरूमा समशीतोष्ण जलवायु पाइन्छ । उत्तर-दक्षिण जोड्ने सडक यातायात र रोप-वेहरूको समुचित विकास भयो भने केही घण्टाभित्रै चिसोबाट गर्मी ठाउँमा र गर्मीबाट चिसो ठाउँमा पुग्न सकिने भएकाले यो प्रदेश तराईको प्रचण्ड तातो जलवायुमा रहने र अत्यन्त चिसो हिमाली भेगमा बस्नेहरूका लागि पनि उपयुक्त मानिन्छ ।

**सुशासन र समृद्धिको चाहना:** विश्वका जुनसुकै सरकारले पनि आफ्नो मुलुकको सुशासन र समृद्धि होस् भन्ने चाहना राखेको हुन्छ र त्यसैअनुरुप योजनावद्ध विकासको परिकल्पना गरेको हुन्छ । त्यसैगरी जनता पनि आफ्ना नैसर्गिक अधिकार, नागरिक अधिकार, प्राप्तिका साथै सुशासनको अनुभूति हुने गरी सरकारले काम गर्न सकोस् र आर्थिक, सामाजिक तथा नागरिक जीवनमा सुधार होस् र सुखपूर्वक जीवन विताउन पाइयोस् भन्ने आकांक्षा राखेका हुन्छन् । तर राजनीतिक पद्धतिले जनताको भावना र चाहनाबमोजिम काम गर्न सकिरहेको हुँदैन । माथि नै उल्लेख गरिसकियो कि कर्णाली प्रदेश विगतदेखि नै पछाडि पारिएको क्षेत्र हो । प्रशासनिक र पुरातात्विक दृष्टिले यस प्रदेशका जुम्ला, सुर्खेत, दैलेख, जिल्लाहरू महत्वपूर्ण मानिन्छन् । एघारौं शताब्दीतिर खस राज्यको राजधानी जुम्लाको सिंजा थियो । यो राज्य १३औं र १४औं शताब्दीतिर विस्तार भएको भन्ने भनाई छ । यो राज्य पश्चिममा गडवाल, उत्तरमा तिव्वतको मानसरोवर र राकशलेक, पूर्वमा गोर्खा, नुवाकोट र दक्षिणमा कपिलवस्तुसम्म विस्तार भएको भनाई छ । चौधौं शताब्दीको अन्त्यतिर खस राज्य समाप्त भएपछि भेरी कर्णाली क्षेत्र बाइसे राज्य (22 Principalities) मा रुपान्तरित भयो । त्यतिखेर केही हदसम्म स्वतन्त्रताको रक्षा त भयो तर जनचाहनाअनुसार केही परिवर्तन भएन । विगतका संविधान, कानुन र शासन पद्धतितर्फ केन्द्रीत हुनुभन्दा पनि वर्तमान र भविष्यप्रति चिन्तन गर्नु श्रेयस्कर होला । नेपालको संविधान २०७२ कार्यान्वयन हुन थालेको छ । यसै सन्दर्भमा कर्णाली प्रदेशमा प्रदेश प्रमुख, प्रदेश सरकारको प्रमुखको रुपमा मुख्य मन्त्री, प्रदेश सभा र न्यायपालिकातर्फ उच्च अदालतका मुख्य न्यायाधिश रहने व्यवस्था गरिएकोछ । प्रदेशमा ४० प्रादेशिक निर्वाचन क्षेत्र र १२ संघीय प्रतिनिधिसभा निर्वाचन क्षेत्र कायम गरिएकोछ । प्रदेश सभा एक सदनात्मक र यसको कार्यकाल नेपालको संविधानमा पाँच बर्ष तोकिएको छ ।

कर्णाली प्रदेश जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालिकोट, पश्चिम रुकुम, सल्यान, जाजरकोट, दैलेख र सुर्खेत गरी १० जिल्लामा विभाजित छ । यस प्रदेशमा २५ नगरपालिका र ५४ गाउँपालिका रहेका छन् । यस प्रदेशको नाम नेपालको प्रख्यात कर्णाली नदी तथा साविकका मध्यपश्चिमाञ्चल विकासक्षेत्रका हिमाली क्षेत्रको भूगोलको प्रतिनिधित्व हुने गरी कर्णाली कायम गरिएको छ भने साविकको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकामको रुपमा रहेको वीरेन्द्रनगरलाई राजधानी तोकिएको छ । यो प्रदेश नेपाल सरकारबाट २० सेप्टेम्बर २०१५ मा कायम गरिएको हो ।

जनताको परिवर्तित भावना र चाहनाअनुसार राज्यको पुनःसंरचना गरिनु र शासकीय पद्धतिमा पनि नयाँपन ल्याउन खोज्नु तथा जनतालाई अधिकार सम्पन्न बनाउन खोज्नु निश्चय पनि सकारात्मक पक्ष हो तथापि परिवर्तनका नाममा जनताको जीवनस्तर माथि उठाउन खर्च गरिने राष्ट्रिय पूँजीको ठूलो हिस्सा तलब भत्ता र सुबिधाका नाममा खर्चनुले परिवर्तन कतै प्रत्युत्पादक बन्न जाने र सुशासन र समृद्धि समाप्त हुने अवस्था आउने हो कि भन्ने आशंका उत्पन्न भएको छ । साथै सुशासनका लागि प्रबन्ध गरिएको प्रदेश सरकारपछिको स्थानीय सरकारका पालिकाहरू कर्मचारीहरूको अभाव, दरबन्दी अनुसार कर्मचारी भए पनि तालिम दिने निकायको अभावमा उनीहरूमा दक्षता बृद्धि हुन नसक्ने स्थिति आउँछ कि भन्ने शंका एकातिर रहेको छ भने कानुन नयाँ, जनप्रतिनिधि पनि नयाँ तर पुराना अनुभवी कर्मचारी र सिक्दै गरेका जनप्रतिनिधि बीचको द्वन्द्वले सुशासन र समृद्धिको बाटो अल्मलिने हो कि भन्ने आशंका पनि देखिएको छ । तर पनि सुशासनका लागि प्रदेश सरकार र स्थानीय सरकारहरू प्रतिवद्ध हुनुपर्छ । यसका लागि प्रदेश र स्थानीय सरकारले विशेष गरी निम्न कुरामा ध्यान दिनुपर्छ ।

**(क) आर्थिक अवस्थामा सुधार:** यहाँका करिब २५ प्रतिशत जनता गरिबीको रेखामुनि बस्न बाध्य छन् । नेपाल अझ रेमिटान्समा बाँचेको मुलुक भने पनि फरक पर्दैन । करिब-करिब कूल बजेटको ३० प्रतिशत बजेट रेमिटान्समा निर्भर रहेको छ । ६५ प्रतिशतभन्दा बढी करिब दुई तिहाई जनता अझैं पनि कृषिमा निर्भर छन् । यो चानचुने संख्या होइन तर कृषि र पशुपालमा सुधार नगरिएको कारणले खाद्यान्न बालीहरू दाल, चामल र नगदे बालीका उत्पादनहरू जीवन धान्ने माध्यम पनि बन्न सकेका छैनन् । कृषि तथा पशुपालन पेसा अझैं

पनि परम्परागत नै छन्। रोजगारीका नयाँ अवसरहरूको खोजी नभइरहेको अवस्थामा समृद्धि काल्पनिक मात्र पनि बन्न सक्छ।

साथै विगतको तराई आन्दोलन, २०७२ सालमा आएको भू-कम्प र बाढीका कारण व्यहोर्नु परेको ठूलो जनधनको क्षति, भू-परिवेष्ठित जटिल भू-भाग, जटिल भू-भागका कारण विकास हुन नसकेको सडक यातायातको कारण पनि नेपालको विकास सम्भव नभएको हो। यस्तै आर्थिक अवस्था भएको हाम्रो कर्णाली प्रदेश पनि एक हो। यहाँको मानव विकास सूचकाङ्क ०.४६९ मात्र रहेको छ। यो सूचकाङ्क न्यून हुनुका कारण परम्परागत कृषि र पशुपालन, उद्योग धन्दातर्फ ठूलो लगानीकर्ताको ध्यानाकर्षण हुन नसक्नु, उत्पादनका स्रोत तथा सामग्रीको पहुँचका लागि सडक र विद्युत पुग्न नसक्नु, चेतनाको स्तर उठ्न नसक्नु आदि धेरै कारणहरू रहेका छन्। सुशासन र समृद्धिलाई यसले पनि प्रभाव पार्छ। तसर्थ जनताको आर्थिक अवस्था सुधार गर्न पर्यत्नशील रहनुपर्छ।

**(ख) जलस्रोतको विकास:** यस प्रदेशको सबैभन्दा ठूलो नदी कर्णाली हो। यस नदीको प्रभाव क्षेत्र करिब ४९००० वर्ग किलोमिटर छ। यो नदीको लम्बाई ५०७ किलोमिटर छ। यससँग जोडिएका यसका सहायक नदीहरू हुम्ला कर्णाली, मुगु कर्णाली, तिला नदी हुन्। डोल्पाबाट बग्ने ठूली भेरी, रुकुमबाट बग्ने सानीभेरी, डोटीबाट पूर्व बगेर कर्णालीमा समाहित हुने सेती नदी लगायत महाभारत पाखोबाट करिब ४८०० वर्ग किलोमिटर लामो शारदा नदी, पातु, सेवार र सुसाउने आदि मिसिएर बग्छ जो बाँके र बर्दियाको उब्जाउ भूमि सिंचाईका लागि प्रयोग भएको छ। त्यसो त सुर्खेतबाट पश्चिमतर्फ बगेर कर्णाली नदीमा मिसिने भेरी नदीको करिब पचास प्रतिशत पानी बबई नदीमा मिसिएर बाँके-बर्दियाको सिंचाईमा प्रयोग हुने भए तापनि बाँकी पानी कर्णालीमा मिसिने हुनाले भेरीले पनि कर्णालीको सहायक नदी बन्ने सौभाग्य अझै पनि पाएको छ। अन्य प्रदेशहरूको तुलनामा यहाँ जलविद्युत बढी उत्पादन हुने सम्भावना रहेकाले यसलाई सेतो सुनको प्रदेश पनि भन्ने गरिन्छ। यहाँका जनताको आर्थिक पछौटेपन, स्थानीय लगानीकर्ताको अभाव, भौगोलिक कठिनाई जस्ता तमाम प्रतिकूल परिस्थिति र चुनौति भएर पनि सम्भावना पनि त्यत्तिकै आशालाग्दो रहेको छ, त्यसैले यहाँ करिब २०००० मेगावाट विद्युत उत्पादन हुन सक्ने सम्भावना रहेको छ। यस प्रदेशका बहुउपयोगी यी नदीनालामा कायाकिङ्ग, क्यानोनिङ्ग, ऱ्याफ्टिङ्ग र जेट बोटका लागि सानी भेरी, ठूली भेरी मिसिएर बनेको भेरी र तिला लगायत विभिन्न नदी मिसिएर बनेको कर्णाली नदी उपयोगमा ल्याउन सकिन्छ। तर दुर्बल आर्थिक अवस्था र असन्तुष्ट पक्ष हावी हुन पुग्यो र परिस्थिति अनुकूल बन्न सकेन भने समृद्धिको सपना कागजमै पनि रहन सक्छ।

**(ग) पर्यटकीय क्षेत्रको विकास:** यो प्रदेश पर्यटकीय दृष्टिले ज्यादै महत्वपूर्ण मानिन्छ। यसमध्ये डोल्पाको बाउलीगाठ झरना १६८ मिटर, सुलीगाडको झरना १६७ मिटर, छारीखोला झरना दैलेख ६१ मिटर, कर्णाली वन्यजन्तु आरक्षण ३६३ वर्ग किलोमिटर रारा राष्ट्रिय निकुञ्ज मुगु र जुम्लाको केही भाग समेटेर सन् १९७६ जुलाईमा स्थापना भएको। यसको क्षेत्रफल १०६ वर्ग किलोमिटर (१०६०० हेक्टर) यहाँ प्रसिद्ध रारा ताल, हिमाली चितुवा र हिमाली भालु पाइन्छन्। शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज डोल्पा र मुगुको केही भाग समेटेर बनेको नेपालको सबैभन्दा ठूलो निकुञ्ज हो। यसको क्षेत्रफल ३५५५ वर्ग किलोमिटर (३५५५००) हेक्टर रहेको छ। सन् १९८० मा प्रस्तावित र १९८४ मा स्थापित यो निकुञ्जमा फोक्सुण्डो ताल पनि रहेको छ। यहाँ निलो भेडा, कस्तुरी, मृग, जंगली याक, तिब्बती ग्याजेल, नाउर आदि पाइन्छन्। जुम्लाको चन्दननाथ, हुम्लाको यलवाङ्ग गुम्वा, सुर्खेतको जाजुरा दह, बराहताल र विभिन्न मन्दिर, मस्जिद सल्यानको कुभिण्डे दह, दैलेखको शिरस्थानको ज्वाला, ट्रेकिङ्गका लागि कर्णाली अञ्चलका सबै जिल्ला महत्वपूर्ण मानिएका छन्। प्रदेशका जनतालाई सुशासनको अनुभूति दिलाउने हो र आत्मनिर्भर बनाउने हो भने होटल उद्योग र होमस्टे स्थापनाका लागि जनतालाई प्रोत्साहन र सहयोग दिने कार्यक्रम राख्नु पर्छ।

**(घ) व्यापार व्यवसायका पूर्वाधारको विकास र उद्योग स्थापना:** कर्णाली अञ्चलका हुम्ला, जुम्ला, कालिकोटबाट हाटबजारका लागि सिधै भेडाच्याङ्ग्रा र घोडाबाट नेपालगञ्जबाट खाद्यान्न तथा अन्य नून लगायतका उपभोग्य सामग्री ढुवानी गर्ने गरिएकोमा सुर्खेत नेपालगञ्ज २०२० सालमा राजा महेन्द्रको भ्रमणको समयमा बनेको कच्ची सडकको २०३४ सालमा सुधार भएर मोटरबाटो बनेपछि हिमाली क्षेत्रका जिल्लाहरूलाई व्यापार व्यवसाय गर्न केही सजिलो भयो भने सुर्खेत पनि नेपालगञ्ज जस्तै व्यापारिक हब बन्न पुग्यो। अहिले यस प्रदेशका प्रायःजसो सदरमुकाम र घना बस्ती भएका भू-भागहरूमा बजार व्यवसाय विस्तार हुनुका साथै विभिन्न लघुउद्योगहरू पनि सञ्चालन हुँदै आएका छन्।

कर्णाली प्रदेश जटिल भू-भागले बनेको छ। सीमित समथर भू-भाग, ससाना उपत्यका, केही नदी किनारका उर्बरा भूमि, केही चट्टान र घाँसे मैदानहरूको प्रधानता रहेको छ। राज्यले समयमा नै शिक्षा, स्वास्थ्य, सञ्चार लगायत यातायातका लागि सडक सञ्जाल निर्माण गर्न नसकेका कारण उच्च शिक्षा लगायत आयआर्जन, उद्योगधन्दा र रोजगारीका अवसरहरूबाट यस क्षेत्रका बासिन्दाहरू बन्चित हुन पुगेका हुन्। त्यसैले यो प्रदेशको अनिवार्यता दक्षिण भारतसँग नभएर उत्तर चीनसँग सीमाना जोडिएकाले चीनसँग व्यापारिक सम्बन्ध विस्तार गर्नुपर्ने देखिन्छ।

उत्तरका नाका नखोलिएका र दक्षिणतिर पाँच नम्बर प्रदेशले यो प्रदेश घेरिएर बन्द प्रदेश तथा भू-परिवेष्ठित मुलुकको कठिन भौगोलिक र आर्थिक अवस्था भएको प्रदेश बन्न पुगेको छ। जबसम्म यस प्रदेशका उत्तरतर्फका नाका खोलिदैनन् तबसम्म यो प्रदेशको समुन्नति र समृद्धिको कल्पना पनि गर्न सकिदैन। यहाँको जलस्रोतको उपयोगका लागि गरिने लगानी र त्यसबाट प्राप्त हुने प्रतिफल जस्तै हुम्लाको हिल्सा (यारी), मुगुको नाक्चेलाग्ना (चीनतर्फको ह्याजीमार), डोल्पाको मरिम्ला र क्याटोछुंग्रा, नाकाहरू जबसम्म खोलिदैन र उत्तरी क्षेत्रलाई व्यापारिक नाका बनाइदैन, तबसम्म कर्णाली प्रदेशको समृद्धिको परिकल्पना नगरे पनि हुन्छ। यदि माथि भनिए झैं यस प्रदेशको उत्तर चीनका व्यापारिक नाका जोडिन पुग्यो भने अहिले दुर्गम भनिने जुम्ला, हुम्ला, कालिकोट र डोल्पा पनि सुविधाजनक व्यापारिक नाका मात्र नभई भोलिका दिनमा महत्वपूर्ण व्यापारिक केन्द्रहरू नबन्लान् भन्न सकिन्न। उत्तरी नाका खोल्नेवित्तिकै स्वतः सडक सञ्जालले भरिने, गरिबी र अभावबाट उत्पीडित जनताले रोजगारीका अवसर प्राप्त गर्ने, सक्नेले लगानीको अवसर पनि पाउने देखिन्छ। त्यतिमात्र नभएर यस प्रदेशमा उत्पादित औद्योगिक तथा अन्य उपभोग्य वस्तुले पनि चिनीयाँ बजार पाउन सक्छ। यस अर्थमा पनि व्यापारिक केन्द्र बन्ने सम्भावना बोकेको कर्णाली प्रदेशको उत्तरी हिमाली क्षेत्र भूगोलको नाताले मात्र महत्वपूर्ण नबनी आय-आर्जनका दृष्टिले पनि स्वतः महत्वपूर्ण बन्ने र यस प्रदेशको आर्थिक समुन्नतिको ढोका खोलिनेछ भन्ने अपेक्षा राख्न सकिन्छ।

यस प्रदेशको दक्षिणमा भारतीय सीमानाले छुने कुरा रहेन। त्यसैले भारतीय बजारबाट नेपाल आउने उपभोग्य वस्तुहरूको योजनावद्ध ढंगले वैकल्पिक

बजार खोज्नु र प्रतिस्थापन गर्नु पहिलो अनिवार्यता हो । यदि यसलाई चुनौतिका रुपमा हेरिदैंन र आत्मनिर्भर बन्न सक्ने अर्को विकल्पको खोजी पनि गरिंदैन भने हाम्रो प्रदेश पेरुङ्गाको माछा जस्तै बन्नेछ । अतः हाम्रो कर्णाली प्रदेशको उन्नतिका लागि उत्तरी नाका खोलेर तत्काल उपभोग्य वस्तुको अभाव हटाउन सक्नुपर्छ होइन सकिदैन भने आत्मनिर्भर बन्न के गर्न सकिन्छ परिस्थिति र परिवेश हेरेर योजना बनाउन तत्काल लाग्नुपर्छ । नाका नखोलेर वा उत्पतिका सम्भावित कुनै विकल्प देखिदैन भने बहुराष्ट्रिय कम्पनीहरूलाई यो प्रदेशमा लगानी गर्न प्रोत्साहन गर्ने र आन्तरिक स्रोत साधनको समुचित प्रयोग गरेर साना उद्योगधन्दाबाट ठूला उद्योगतर्फ प्रवेश गर्दै आर्थिक समृद्धितर्फ जानुपर्छ । सुर्खेतमा चौकुने सिमेन्ट उद्योग मात्र स्थापना गर्न सकियो भने हजारौंले रोजगारी पाउन सक्ने देखिन्छ ।

**(ङ) शैक्षिक अवस्थामा सुधार गर्नुपर्नेः** शिक्षा विकासको आधार भएर पनि यस प्रदेशको साक्षरता दर अन्य प्रदेशको तुलनामा निकै कम छ । यस प्रदेशको साक्षरता ६२.७७ प्रतिशत रहेको छ । यसो हुनुको कारण सरकारबाट यस क्षेत्रमा स्कुल कलेज तथा विश्वविद्यालयको स्थापना नगरिनु, शिक्षा विकास नभएसम्म कुनै विकास हुन सक्दैन भन्ने विचार लिएर छोराछोरीलाई शिक्षा दिनुपर्छ भन्ने अभिभावकमा चेतना नहुनु र अन्य सहरी क्षेत्रमा स्थापना भएका शैक्षिक संस्थामा आर्थिक पछ्यौटेपनका कारण आफ्ना सन्तानलाई पढाउन नसक्नु, शैक्षिक विकासका लागि जनस्तरबाट लगानी गर्न नसक्नु जस्ता अन्य विविध कारणहरूले गर्दा कर्णाली प्रदेशको शैक्षिक विकास हुन नसकेको देखिन्छ । २००७ सालमा नेपालको साक्षरता १ प्रतिशत मात्र थियो भने त्यति बेला स्कुल कलेज केही नभएको यस क्षेत्रको साक्षरता दर कति थियो होला सजिलै अनुमान लगाउन सकिन्छ । अहिले यस प्रदेशमा विभिन्न क्याम्पस तथा कलेजहरू सञ्चालन भएका छन् । साधारण तथा प्राविधिक शिक्षा आर्जन गर्ने युवायुवतीहरूको संख्या बढ्दो छ ।

गुणस्तरीय शिक्षा र सबैका लागि शिक्षा भन्ने हो भने कुनैलाई व्यवस्थापन समितिको अध्यक्ष वा प्रधानाध्यापक बनाउन वा कुनैलाई शिक्षक पदमा नियुक्त गर्न दीर्घकालीन सामाजिक हितप्रतिकूल अन्धाधुन्द खोलिएका शैक्षिक संस्थाहरू हिजोदेखि नै सरकारका लागि चुनौतिपूर्ण बनेका छन् । कतिपय आर्थिक अभावमा बन्द हुने अवस्थामा छन् भने कतिपय विद्यार्थीको अभावमा शिक्षक र भौतिक सम्पत्ति भएर पनि सञ्चालन हुन नसक्ने अवस्थामा रहेका छन् । यसका लागि रिम्यापिङ्ग गर्ने, मर्ज गर्ने, तह वृद्धि गर्ने, तह घटाउन, कुनै ठाउँमा बन्द गर्ने र कुनै ठाउँमा नयाँ स्थापना गर्नुपर्ने हुन्छ । तसर्थ मेकालेको शिक्षा प्रणालीमा मात्र सीमित नरहेर यस प्रदेशमा विज्ञान र प्रविधिमा आधारित शिक्षाको विकास गरेर रोजगारमूलक शिक्षाको विकास गर्नु पर्यत्नशील हुनुपर्छ ।

**(च) जडिबुटी उत्पादन, प्रशोधन र औषधि उत्पादनमा लगानीः** जडिबुटी यस प्रदेशको जलस्रोतपछिको आयआर्जनको महत्वपूर्ण स्रोत हो । हर्रो, बर्रो, चरिअम्लो, पाँचऔंले, सर्पगन्ध, जटामसी, तुलसी, रामतुलसी, झ्याउ, यार्सागुम्बा लगायतका तमाम जडिबुटी उत्पादन, संकलन तथा प्रशोधन गरी औषधि उत्पादन गर्ने काम गर्न सकिन्छ । यसका लागि हिमाली क्षेत्रका अत्यन्त विकट तर जडिबुटी उत्पादनका दृष्टिले उर्बर मानिने भू-भागमा बसोबास गर्ने बासिन्दा जहाँ बर्षमा एक बालीमात्र पाक्छ त्यस्तो ठाउँका बासिन्दालाई हवाई जहाजमा चार्टर गरेर खाद्यान्न उपलब्ध गराई राख्नु मानवीय दृष्टिले न्यायोचित देखिए पनि समृद्धिका दृष्टिले उपयुक्त देखिदैन । यस किसिमको परिस्थितिमा यसै प्रदेशका उर्बरा तर समथर भू-भाग पहिचान गरेर जग्गाको बदला जग्गा प्रदान गर्ने र बसोबासका लागि प्रदेश सरकारले घर बनाइदिने, यसरी बसाइसराई गरी खाली हुन जाने जमिनमा जडिबुटीको खेती गर्ने, संकलन गर्ने र प्रशोधनका लागि तोकिएको ठाउँमा लैजाने गरी प्याकेज तयार गर्न सक्यो भने नागरिकहरूको जीवनस्तर पनि माथि उठ्ने, विकास गर्न पनि सजिलो हुने र प्रदेशले राजश्व बृद्धि गरेर जनताका लागि लगानी गरी समृद्धिको बाटोमा जान सक्ने देखिन्छ । त्यसैले खाद्यान्न उत्पादनका दृष्टिले खासै महत्व नदेखिएका त्यस्ता बस्तीहरूको पहिचान गरी उपयुक्त कदम चाल्नुपर्ने देखिन्छ । यस किसिमको अभियान पहाडी क्षेत्रका छिरलिएर रहेका बस्तीहरूलाई भू-खलन लगायत प्राकृतिक प्रकोपबाट बचाउन समथर भू-भागमा एकीकृत बस्ती विकास योजना लागु गर्न प्राथकिता निर्धारण गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**निष्कर्षः** भू-परिवेष्ठित मुलुकको अत्यन्त जटिल भू-बनोट, जलवायु पनि जटिल, औशत साक्षरता प्रतिशतभन्दा पनि तलको साक्षरता दर, विगतमा महत्व नपाएकाले विकासका सन्दर्भमा पनि पूर्वाधारसम्म तयार हुन नसकेको यो कर्णाली प्रदेश सबैभन्दा कमजोर प्रदेश भएर पनि जलस्रोत तथा पर्यटकीय, जडिबुटी उत्पादन, जैविक, सांस्कृतिक विविधताका दृष्टिले अन्य प्रदेशभन्दा यो प्रदेश कमजोर छैन । हिमाली तथा पहाडी क्षेत्रमा गाइभैंसी, चौरी, भेडा, च्याङ्ग्रा लगायतका पशुपालनबाट दुग्ध तथा दुग्धजन्य वस्तुहरू उत्पादन गर्ने, जाजरकोटमा क्वार्ज लगायतका महत्वपूर्ण पत्थरको उत्पादन तथा प्रशोधन गर्ने, भेरीको बालुवामा सुन खोजी गर्ने, स्याउ, सुन्तला, आँप, ओखर लगायतका फलफूल उत्पादनबाट स्वदेशी तथा विदेशी मुद्रा समेत आर्जन गर्न सक्ने सम्भावना बढ्दै गएका छन् । साथै कर्णालीको आत्मनिर्भरताको माध्यम जडिबुटी जस्तै जलस्रोतबाट उत्पादन हुने विद्युत (सेतो सुन) नै हो । यदि अबका दिनमा इमान्दारितापूर्वक जलस्रोतको दोहण गर्न सकियो भने यस प्रदेशका जनता सरकारले बनाईदिएको घर, सरकार र आफ्नो लगानीमा उत्पादन भएको बिजुली बत्ती बालेर सरकारले बनाइदिएको स्कुल कलेजमा आफ्ना सन्ततिलाई पढाएर अहिलेको पीढिले गर्न नसकेको उन्नति सहजतापूर्वक सम्पन्न गरेर विश्वकै उदाहरण नबन्लान् भन्न सकिन्न । त्यसैले यो प्रदेशको उन्नति आफूमा अन्तरनिहित कुण्ठा पालेर होइन अविश्राम परिश्रममा निर्भर रहेको छ । सबैको अपेक्षा यस्तै भएमा यो प्रदेश मात्र होइन, सिंगो मुलुक बनाउन यसै प्रदेशले उत्प्रेरणा प्रदान नगर्ला भन्न सकिन्न । यसका लागि शासनको जुन अवस्था रहेको छ, त्यसलाई रुपान्तरण गरेर जनतालाई सम्बोधन हुने कार्यक्रमलाई प्राथमिकीकरण गरेर काम गरियो भने समृद्धि असम्भव छैन । ❍

**सन्दर्भ पुस्तकहरूः**


१. **राष्ट्रिय शिक्षा पद्धति** : श्री ५ को सरकार तथा संस्कृति मन्त्रालय २०२८
२. **शैक्षिक तथ्याङ्क प्रतिवेदन २०३९,** श्री ५ को सरकार तथा संस्कृति मन्त्रालय
३. पीताम्बर ढकाल र अन्य, **सुर्खेत दर्पणः** जिल्ला विकास समिति सुर्खेत २०५३
४. पीताम्बर ढकाल, **ऐतिहासिक संविधानसभाको निर्वाचन, राजतन्त्रको वहिर्गमन र गणतन्त्रको प्रारम्भ**, २०६५
५. विभिन्न प्रकाशित नेपाली पत्रपत्रिकाहरू
६. पर्यटन गन्तव्य हाम्रो सुर्खेत, 2011, प्रकाशक नेपाल पर्यटन बर्ष 2011, जिल्ला समन्वय समिति, सुर्खेत
७. तिमिल्सिना, एस.के., २०७४, नेपालमा स्थानीय सरकार (कानून, सिद्धान्त र व्यवहार, सुनबर्षी बुक हाउस, काठमाडौ
8. 2018 CIA world Factbook
9. Nepal in the Medieval Period. www. telegraphnepal .com 2 Feb.2015. Retrieved 12 Jun 2018.
10. Karnali Province in Nepal population. www. city population 7 october 2017.

# केही समसामयिक शैक्षिक मुद्दा, चुनौति र समस्याहरू



- भक्तबहादुर खड्का

**विषय प्रवेश:** नेपालमा लामो समयको राजनैतिक संघर्ष र विवादपछि अहिले आएर देशको शासन प्रणालीको स्वरुप बारे एउटा टुङ्गो लागेको छ । दोश्रो पटक भएको संविधान सभाको निर्वाचनबाट २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानले देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापित गरेको र सोहीअनुसार निर्वाचन सम्पन्न भई जनप्रतिनिधिहरूले स्थानीयदेखि केन्द्रीय तहसम्मको सरकार संचालन गरिरहेको अवस्था छ । यस परिप्रेक्ष्यमा संविधानमा उल्लेखित नागरिकका मौलिक हकहरूको प्रचलन गराउने र उनीहरूको आर्थिक र सामाजिक विकास गराई समृद्ध राष्ट्र निर्माण गर्ने महत्वपूर्ण जिम्मेवारी तीनै तहका सरकारहरूको काँधमा आएको छ । यसका लागि संवैधानिक प्रावधान अनुकूलका ऐन कानुन र नीतिनियमहरूको आवश्यकता पर्दछ । त्यसैले संविधान र संघीयता कार्यान्वयनको अहिलेको चरणमा केन्द्रीय, प्रादेशिक र स्थानीय सरकारहरूले आ-आफ्नो क्षेत्राधिकारभित्र संचलन गर्ने आर्थिक, सामाजिक र भौतिक विकासका क्रियाकलापहरूलाई निर्देशित गर्ने नीति निर्माणलाई महत्व दिएको देखिन्छ । यसै सन्दर्भमा सामाजिक विकासको कुरा गर्दा शिक्षाको विकास एउटा महत्वपूर्ण पाटो भएकोले शिक्षाको सम्बन्धमा विशेष चर्चा र चासो हुनु स्वाभाविकै छ । विशेषगरी संविधानले नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको विद्यालय शिक्षाको प्रभावकारी व्यवस्थापन गरी सबै नागरिकको पहुँचमा गुणस्तरीय शिक्षा पुऱ्याउनु आजको आवश्यकता भएको छ । संविधानमा नै कक्षा ८ सम्मको आधारभूत शिक्षालाई नेपाली नागरिकको मौलिक हकको विषय मानेर यसलाई अनिवार्य र निःशुल्क तथा कक्षा ९ देखि १२ सम्मको माध्यमिक शिक्षालाई निःशुल्क बनाउने प्रावधान राखिएको हुनाले यसको प्रभावकारी कार्यान्वयनका लागि हालसम्मका अनुभवहरूको आधारमा देखिएका शैक्षिक मुद्दाहरूलाई सम्बोधन गर्न नयाँ ऐन कानुन र नीति-नियमहरूको तर्जुमा गर्नु आवश्यक रहेको देखिन्छ ।

**१. प्रारम्भिक बाल विकास र शिक्षा:** कक्षा एकमा भर्ना गर्ने उमेर नपुगेका बालबालिकाहरूका लागि विद्यालयले शिशु कक्षाको व्यवस्था गर्ने प्रचलन पहिलेदेखि नै रहेको भए तापनि २०५६ सालमा शिक्षा विभागले समुदायमा आधारित बालविकास कार्यक्रम सुरु गरेपछि नेपालमा सरकारी स्तरबाट बालविकास र शिक्षाको सुरुआत भएको हो । सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना २००३ को पहिलो लक्ष्यमा राखिएपछि यसको व्यापक विस्तारमा भएको छ । नेपालको संविधानको धारा ३९(३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगको रुपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । यसरी सरकारी सहयोगबाट समुदायमा आधारित र अभिभावकको संलग्नता तथा जिम्मेवारीका आधारमा सुरुआत गरिएको बालविकास र सिकाइ कार्यक्रमलाई अहिले आएर विद्यालय शिक्षाको अंग मानिएपछि सिद्धान्ततः यो पूर्ण सरकारी र अनिवार्य तथा निःशुल्क पनि भएको छ ।

बालविकास र शिक्षासम्बन्धी संविधान र कानुनमा भएका उपर्युक्त व्यवस्थाले राज्यको बालबालिकाहरूप्रतिको उत्तरदायित्वलाई जोड दिएको भएतापनि अभिभावकहरू र समुदायलाई जिम्मेवार बनाउने नीतिनियमहरूको अभावमा यसको कार्यान्वयन पक्षमा धेरै चुनौतिहरू देखिने सम्भावना छ । अहिले पनि समुदाय र विद्यालयमा आधारित गरी दुई प्रकारले संचालित बालविकास केन्द्रहरू भए तापनि अधिकांश बालविकास केन्द्रहरू विद्यालयमै रहेका छन् र समुदायमा स्थापित भएकालाई पनि विद्यालयमा सार्ने काम भएको छ । यसबाट बालविकास केन्द्रको राष्ट्रिय मापदण्डमा उल्लेखित १० देखि १५ मिनेट पैदल दुरीमा बालविकास केन्द्र हुनुपर्ने प्रावधानलाई पूरा गर्न सकिने देखिदैन । बालबालिकाहरूका लागि खाजाको प्रबन्ध कसरी गर्ने भन्ने कुराको पनि कुनै निश्चित व्यवस्था भएको छैन । अर्कोतिर कक्षाकोठाको अभावमा विद्यालयमा कक्षा १ का विद्यार्थीसँगै बालविकास केन्द्रका बालबालिकाहरूलाई राखेको पनि पाइन्छ । यस्तो अवस्थामा प्रति बालबालिका २ वर्गमिटर ठाउँ भएको कोठाको व्यवस्थाका साथै राष्ट्रिय मापदण्डमा उल्लेखित बालमैत्री वातावरणका अन्य प्राबधानहरू पनि लागु गर्न चुनौतिपूर्ण हुने देखिन्छ । यस्तै बालविकास र शिक्षालाई विद्यालयको तह मान्दा वर्षौंदेखि न्यून पारिश्रमिकमा कक्षा ८ को शैक्षिक योग्यताका आधारमा कार्यरत सहयोगी कार्यकर्ताहरूको कस्तो व्यवस्था हुन्छ भन्ने कुरा पनि स्पष्ट छैन । यस्तो परिस्थितिमा बाल विकास र सिकाइका लागि सरकारले सहयोग गर्ने र अभिभावक र समुदायले अपनत्व र जिम्मेवारी लिने किसिमको नीतिगत व्यवस्था गर्नु जरुरी देखिन्छ ।

**२. विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान:** विद्यालय शिक्षालाई संविधानले स्थानीय तहको अधिकारको सूचीभित्र राखे पनि संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा समेत शिक्षा रहेको हुनाले नागरिकको लागि गुणस्तरीय शिक्षाको प्रबन्ध गर्नु समग्र राज्य प्रणालीको दायित्वको विषय हो । यसका लागि विद्यालयहरू र शिक्षकको न्यायोचित वितरण हुनु जरुरी हुन आउँछ । नक्साङ्कनका आधारमा मात्र विद्यालय स्थापना गर्ने, आवश्यकता अनुसार दुई विद्यालय गाभेर समायोजन गर्ने, शिक्षक दरबन्दी मिलान गर्ने जस्ता कार्यका लागि विगतमा सरकारले विभिन्न समयमा निर्देशिका र निर्देशनहरू जारी गरे तापनि विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान अहिले पनि विद्यालय शिक्षाको एउटा प्रमुख मुद्दाकै रुपमा रहेको छ । आवश्यकता नै नभए ठाउँमा विद्यालय स्थापना गरिएको, दुर्गम बस्तीका बालबालिकाका लागि विद्यालय नै नभएको वा धेरै टाढा भएको, समुदायको आवश्यकताभन्दा पनि शिक्षकको आवश्यकताले विद्यालयको तह वृद्धि गरिएको जस्ता गुनासो समय-समयमा सुनिन्छ । यसैगरी विद्यार्थी भएका ठाउँमा शिक्षक नभएको र शिक्षक भएका ठाउँमा विद्यार्थी नभएको गुनासो सुनिन थालेको पनि धेरै भइसक्यो । जिल्लागत रुपमा र जिल्लाभित्रै सदरमुकाम र सुविधासम्पन्न स्थानको शिक्षक विद्यार्थी अनुपात हेर्ने हो भने शिक्षक वितरण समानुपातिक नभएको प्रष्ट हुन्छ । अझ काठमाडौं उपत्यकाका जिल्लाहरू र बर्दिया, कैलालीजस्ता घना आवादी भएका जिल्लाको शिक्षक विद्यार्थी अनुपातलाई हेर्दा त ज्यादै ठूलो भिन्नता रहेको पाइन्छ । सीमित साधनश्रोतको उच्चतम उपयोग गर्नुपर्नेमा श्रोत वितरणको यस्तो असमानतालाई सम्बोधन गर्न नसक्ने हो भने गुणस्तरीय शिक्षाको अभिष्ट पूरा हुन सक्ने देखिदैन । त्यसैले विद्यालय शिक्षा व्यवस्थापनको अहिलेको संक्रमणकालिन अवस्थामा संघीय सरकारले नै शिक्षक दरबन्दीको समानुपातिक वितरण, विद्यालय समायोजन, दुर्गम जिल्ला र बस्तीहरूमा आवासीय र बहुकक्षा विद्यालय स्थापनाजस्ता कार्यहरूको पहल गरी स्थानीय तहलाई विद्यालय शिक्षाको व्यवस्था गर्न सहज वातावरणको निर्माण गरिदिनु पर्ने आवश्यकता देखिन्छ ।

**३. शिक्षाको गुणस्तर:** नेपालको विद्यालय शिक्षा गुणस्तरीय भएन भन्ने गुनासो सबैतिर व्याप्त छ । तर यसलाई कसरी गुणस्तरीय बनाउने भन्ने बारे खासै पहल भएको भने देखिदैन । यसैका लागि विगतमा विभिन्न प्रकारका

योजना र परियोजनाहरू कार्यान्वयनमा आएको भए तापनि नागरिकले अनुभव गर्ने गरी सामुदायिक विद्यालयको गुणस्तरमा सुधार भने आएको छैन । विद्यालय शिक्षालाई गुणस्तरीय बनाउनका लागि नेपाल सरकारले 'बाल मैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७' र 'विद्यालयहरूमा न्यूनतम् सक्षमताको अवस्था २०६९' प्रकाशित गरी विद्यालयहरूमा उपयुक्त सिकाइ वातावरणको लागि चाहिने आधारभूत अवस्था तोकिदिएको छ । तर पनि त्यसप्रकारको वातावरण निर्माणमा विद्यालय प्रशासन, व्यवस्थापन समिति, समुदाय र स्थानीय तहले पनि खासै पहल गरेको देखिदैन । हाल प्रचलित शिक्षा नियमावलीले विद्यालयमा काम गर्नुपर्ने समय २२० दिन तोकिदिएको भएतापनि धेरैजसो विद्यालयका शिक्षकहरूले त्यसभन्दा कमै दिन मात्र विद्यालयमा काम गरेको पाइएको छ । यसका साथै विद्यालयमा हुनुपर्ने शैक्षणिक योजना र त्यसको कार्यान्वयन, शिक्षक तयारी, पाठ्यक्रम र शिक्षक निर्देशिकाको प्रयोग, शिक्षक तालिमका ज्ञान र सीपको कक्षाकोठामा उपयोग, सिकाइलाई अर्थपूर्ण र रमाइलो बनाउन बाल केन्द्रित शिक्षण विधिहरूको प्रयोग, निरन्तर विद्यार्थी मूल्याङ्कनजस्ता गुणस्तरीय शिक्षाको लागि आवश्यक विधि, तरिका र कार्यकलापहरूको विद्यालयहरूमा अभाव रहेको पाइन्छ । यसको प्रत्यक्ष प्रभाव बालबालिकाहरूको सिकाइमा परिरहेको छ र विद्यालय शिक्षा गुणस्तरीय हुन सकिरहेको छैन । त्यसैले अहिलेको आवश्यकता भनेको गुणस्तरीय शिक्षाका लागि अपरिहार्य तत्वहरू विद्यालयमा उपलब्ध हुने र त्यसका लागि शिक्षकहरूले गर्नुपर्ने क्रियाकलापहरू अनिवार्य रुपमा गर्ने परिपाटीको निर्माण गर्ने नीति, रणनीति र कार्ययोजना बनाउनु हो ।

**४. शैक्षिक नेतृत्वः** विद्यालयका सबै शिक्षकहरूलाई प्रभावकारी शैक्षिक नेतृत्व प्रदान गरी विद्यार्थीको सिकाइलाई गुणस्तरीय बनाउने काममा प्रधानाध्यापकको भूमिका महत्वपूर्ण हुन्छ । अहिले जति पनि राम्रा सामुदायिक विद्यालयहरूको चर्चा हुन्छ, ती सबैमा कुशल नेतृत्व क्षमताका प्रधानाध्यापकहरूकै प्रमुख भूमिका रहेको पाइन्छ । विद्यालय शिक्षामा प्रधानाध्यापकको यही महत्वपूर्ण भूमिकालाई विचार गरेर नै विद्यालय क्षेत्र सुधार योजना (२०६६/२०७२) ले पूर्णरुपले संचालित आधारभूत तथा माध्यमिक रुपका (कक्षा १-८ वा १-१२ चल्ने) विद्यालयमा प्रधानाध्यापकको छुट्टै पदको व्यवस्था गरिनेछ भनी उल्लेख गरिएको थियो । यस्ता प्रधानाध्यापकलाई प्राज्ञिक र प्रशासनिक अधिकार प्रदान गरी विद्यालयको समग्र विकासमा जिम्मेवार र उत्तरदायी बनाउने कुरा उक्त योजनामा उल्लेख गरिएको थियो । तर त्यसप्रकारको जिम्मेवार र उत्तरदायी प्रधानाध्यापकको व्यवस्था विद्यालयहरूमा हुन सकेन । शिक्षा नियमावलीको व्यवस्थाअनुसार प्रत्येक विद्यालयका लागि नियमानुसारका प्रधानाध्यापक नियुक्ति पनि हुन सकेको छैन । यस्तो अवस्थामा बालबालिकाको सिकाइका लागि प्रधानाध्यापक र निजमार्फत प्रत्येक शिक्षकलाई व्यक्तिगत र सामुहिक रुपमा जिम्मेवार र उत्तरदायी बनाउन सकिएको छैन । वर्तमान अवस्थाको विद्यालय शिक्षाको यस मुद्दालाई सम्बोधन नगरी विद्यालयहरूले गुणस्तरीय शिक्षा प्रदान गर्न सक्ने अवस्था हुँदैन । त्यसैले अबको शिक्षा नीतिले प्रत्येक विद्यालयमा योग्य, सक्षम र जिम्मेवार प्रधानाध्यापकको व्यवस्था कसरी गर्ने भन्ने विषयलाई प्राथमिकता दिनु आवश्यक छ ।

**५. विद्यार्थी मूल्याङ्कनः** मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंग बनाउँदै उपचारात्मक शिक्षण गर्ने उद्देश्यले कक्षा १ देखि ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति लागु गरिएको छ । त्यसैगरी कक्षा १० को अन्तमा लिइने माध्यमिक शिक्षा परीक्षा (एस.इ.इ.) मा ग्रेडिङ प्रणाली लागु गरिएको हुनाले यसले पनि विद्यार्थीहरूको सिकाइमा सुधार ल्याउनका लागि सुधारात्मक शिक्षण पद्धति नै अपनाउनु पर्ने आवश्यकता रहेको तर्फ इंगित गर्दछ तर अहिले न त कक्षा ७ सम्मको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी ढंगले लागु भएको छ न त ग्रेडिङ्ग प्रणालीले विद्यार्थीको क्षमतालाई राम्रोसँग पहिचान गरेर उनीहरूको सिकाइमा गुणात्मक सुधार ल्याउन सकेको छ । अर्कोतिर विद्यालयहरूमा संचालन गरिने प्रयोगात्मक परीक्षा नाम मात्रमा सीमित भएको छ र यसको प्रयोग विद्यार्थीको प्राप्ताङ्क प्रतिशत वृद्धि गर्ने बाहेक अरु केहीमा हुन सकेको छैन । विद्यार्थी मूल्याङ्कनलाई निश्चित पाठ वा एकाइ पढाइ सकेर मात्र संचालन गरिने छुट्टै क्रियाकलापको रुपमा हेर्ने परम्परागत परिपाटीले विद्यार्थीहरूको सिकाइमा सुधार ल्याउन र शिक्षालाई गुणस्तरीय बनाउन सकिदैन । त्यसैले पाठ्यक्रमले निर्धारण गरेअनुसार निर्माणात्मक मूल्याङ्कनलाई जोड दिने पद्धतिको विकास गर्नु आजको आवश्यकता हो ।

**६. शिक्षकलाई पेशागत सहयोगः** नेपालको विद्यालय शिक्षामा आलोचित भएको विषयमध्ये एक शिक्षक तालिमको कक्षाकोठामा कार्यान्वयन पनि हो । शिक्षाको गुणस्तर अभिवृद्धिका लागि एउटा प्रमुख तत्व तालिम प्राप्त शिक्षक भएकोले विगतदेखि नै नेपाल सरकारले सबै शिक्षकलाई तालिम प्रदान गर्ने नीति लिएको छ । शिक्षक शिक्षा परियोजना (TEP) अन्तरगत प्राथमिक तहका सबै शिक्षकहरूलाई १० महिने तालिम प्राप्त भएको घोषणा भइसकेको छ र निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकका लागि पनि पूर्व सेवाकालिन वा सेवाकालिन तालिम अनिवार्य गरिएको छ । यसरी सबै शिक्षक तालिम प्राप्त भइसकेको अवस्थामा पनि विद्यार्थीको सिकाइमा खासै गुणस्तरीय परिवर्तन आउन नसक्नु चिन्ताको विषय हो । अहिले पनि अधिकांश विद्यालयमा कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलाप पाठ्यपुस्तकका पाठहरूको सीमित घेराभन्दा बाहिर आउन सकेको छैन र बालबालिकाका लागि सिकाइ निरर्थक, मन नपर्ने, जटिल र झन्झटिलो अनुभव हुन पुगेको छ । यस्तो अवस्थामा कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापलाई रमाइलो, सहज र अर्थपूर्ण बनाउन शिक्षकहरूलाई कसरी उत्प्रेरित गर्ने र उनीहरूलाई आवश्यक पेशागत सहयोग कसरी प्रदान गर्ने भन्ने चुनौति रहेको छ । यसलाई सामना गर्न समयमै उपयुक्त कार्ययोजना र रणनीति नबनाउने हो भने विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन सकिदैन ।

**७. पाठ्यक्रम, पाठ्यपुस्तक र थप शिक्षण सिकाइ सामग्रीको प्रयोग**विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप संचालनको प्रमुख आधार पाठ्यक्रम हुनुपर्नेमा अहिले पनि अधिकांश विद्यालयमा पाठ्यपुस्तककै भरमा मात्र शिक्षण भएको देखिन्छ । यसबाट पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न समस्या भएको छ । मूलतः विद्यार्थीका लागि तयार गरिएको सामग्रीलाई नै शिक्षकले पनि प्रमुख आधार मानेर पढाउँदा शिक्षणमा कुनै प्रकारको सिर्जनात्मकता र नवीनता आउन सक्दैन भने सिकाइमा पनि उत्सुकता र रोचकताको अभाव रहन्छ, जसले गर्दा सिकाइ प्रभावकारी हुन सक्दैन । अहिले बहु-पाठ्यपुस्तकको चर्चा पनि सुरु भएको छ । तर विद्यालयमा पुस्तकालय स्थापनाका लागि सरकारले प्रदान गरेको रकमको सदुपयोग भएको र विद्यार्थीका लागि आवश्यक थप पुस्तक र सन्दर्भ सामग्रीको व्यवस्था हुन नसकेको गुनासो सुनिन थालेको छ । अहिले पनि अधिकांश विद्यालयमा कक्षा १० सम्म पुगेका विद्यार्थीले पनि तोकिएको एउटा पाठ्यपुस्तकबाहेक अन्य कुनै पुस्तक पढ्ने अवसर पाएका हुँदैनन् । यसले गर्दा विद्यार्थीको ज्ञानको क्षेत्र एकदमै सीमित र संकुचित बनाइदिएको छ । अर्कोतिर शिक्षण सिकाइलाई प्रभावकारी बनाउन प्रयोग गर्नुपर्ने शिक्षण सामग्रीको पनि उपयुक्त तरिकाले प्रयोग भएको पाइएको छैन । अहिले पनि विद्यालयमा शिक्षण सामग्रीको अभाव भएको गुनासो शिक्षकहरूबाट सुनिन्छ तर उपलब्ध सामग्रीको उपयुक्त प्रयोग र सामग्री निर्माण तथा संकलनमा भने खासै चासो दिएको देखिदैन । पाठ्यक्रम र पाठ्यपुस्तक लगायतका शिक्षण सिकाइका लागि आवश्यक सबै श्रोतसामग्रीको उपलब्धता र समूचित प्रयोगलाई ध्यान दिन नसकिएमा विद्यालय शिक्षामा गरिएको लगानीबाट अपेक्षित फल प्राप्त गर्न सकिदैन । त्यसैले यस्तो समस्यालाई गम्भीरतापूर्वक सोचेर समाधानको उपाय लागु गरिहाल्नु पर्ने अवस्था रहेको छ ।

**८. निजी विद्यालयको नियमनः** नेपालको संविधानको भाग ४ को राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तरगत धारा ५१ (ज) (२) मा शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने भनी उल्लेख गरिएको छ । निजी विद्यालयहरूमा नियमन गर्नुपर्ने विषय भएतापनि अहिले नियमनभन्दा नियन्त्रण गर्न लागिएको गुनासो निजी विद्यालयका संगठनहरूले गरेको पाइन्छ । निजी विद्यालयहरूमा नेपाल सरकारले स्वीकृत गरेको पाठ्यक्रम लागु नगरिएको, अनावश्यक विषय र पुस्तकको बोझ थोपरिएको, कक्षाकोठा र विद्यालयको वातावरण बालमैत्री नभएको, शुल्क अनुसारको सेवा-सुविधा नदिएको जस्ता आरोपहरू समय-समयमा सुनिन्छन् । तर पनि शिक्षाको गुणस्तरको कुरा हुँदा निजी विद्यालयहरूले नै अभिभावकको विश्वास जित्न सफल भएको देखिन्छ । गुणस्तरीय शिक्षामा गरेको योगदानलाई वेवास्ता गरेर निजी विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई राज्यले प्रदान गर्ने छात्रवृत्तिबाट बन्चित गराउने, निजी विद्यालयमा सरकारी कर्मचारीका छोराछोरीहरूलाई पढाउन निरुत्साहित गर्ने, सेवा क्षेत्र भनिए पनि कुनै प्रकारको सहुलियत र छुट नदिइएको जस्ता गुनासो निजी विद्यालयका संगठनहरूको रहेको पाइन्छ । यस्तो स्थितिमा संविधानले उल्लेख गरेअनुसार निजी विद्यालयलाई नियमन गरेर सेवामुखी बनाउन स्पष्ट नीति र कार्यक्रमको खाँचो महसुस गरिएको छ ।

**९. सुपरिवेक्षणः** विद्यालयहरूमा सुपरिवेक्षण सेवा प्रभावकारी नभएको महशुस सरोकारवालाहरू सबैले गरेको पाइन्छ । सुपरिवेक्षण सेवालाई विस्तार गर्न र प्रभावकारी बनाउनका लागि विद्यालय निरीक्षकको दरबन्दी सिर्जना गरी नियुक्ति गरिएको भए तापनि सुपरिवेक्षण सेवालाई खासै प्रभावकारी बनाउन सकिएको पाइँदैन । अर्कोतिर शिक्षाका लागि सेती परियोजनाको समयदेखि नै सुरु भएको श्रोतकेन्द्र मार्फत सुपरिवेक्षण गर्ने परिपाटी हालसम्म नै कायम भएको भएतापनि विद्यालय र शिक्षकले पाउनुपर्ने सुपरिवेक्षण सेवा प्रभावकारी रुपमा पाउन सकेको अवस्था छैन । विद्यालय निरीक्षक र श्रोतव्यक्तिहरू तालिम र प्रशासनिक कामहरूमै अलमलिएको गुनासो सरोकारवालाहरूको छ । स्थानीय तहले विद्यालय शिक्षाको अधिकार पाएपछि केही स्थानीय तहका पदाधिकारीहरूले कार्यक्रम, योजना र सर-सल्लाह बिना नै कक्षाकोठामा प्रवेश गरेर आदेश र निर्देशनहरू दिएको समाचार पनि एदाकदा सुनिएका छन् । यस्तो परिस्थितिमा विद्यालयमा सुपरिवेक्षण सेवालाई कसरी व्यवस्थित र प्रभावकारी बनाउने भन्ने प्रश्न स्वाभाविक रुपमा उठेको छ । परिवर्तित परिस्थिति अनुसार स्थानीय तहले विद्यालय सुपरिवेक्षणको प्रभावकारी संयन्त्र निर्माण गरी विद्यालयहरूमा नियमित र प्रभावकारी सुपरिवेक्षण सेवा प्रदान गर्नु आवश्यक रहेको छ ।

**१०. विद्यार्थी परामर्स सेवाः** विद्यालय शिक्षा पूरा गरेका विद्यार्थीहरूमा समाजले अपेक्षा गरेअनुसारको आचरण, व्यवहार र सुझबुझको विकास हुन नसकेको भनी आलोचना हुने गरेको सुनिन्छ । पाठ्यक्रममा प्रशस्त विषयवस्तु राखिएको भएतापनि किशोर किशोरीहरूमा विभिन्न प्रकारको दुर्व्यसन र सामाजिक विकृति बढिरहेको महशुस गरिएको छ । पाठ्यक्रमको उद्देश्यअनुसार विद्यार्थीहरू परिश्रमी, सामाजिक मूल्य, मान्यता र नैतिकताप्रति सजक, इमानदार र सहयोगी हुन नसकेको गुनासो अभिभावकहरूको रहेको सुनिन्छ । यसबाट बालबालिकाहरूको सामाजिकीकरणमा समस्या रहेको स्पष्ट हुन्छ । यस्ता बालबालिकाहरूले आफ्नो क्षमता के हो र जीवनमा के गर्ने र कसरी गर्ने ? भन्ने विषयमा कुनै सोचाइ बनाउन सकेको पाइँदैन । त्यसैले माध्यमिक तहका विद्यार्थीहरूको लागि परामर्श सेवाको आवश्यकता महशुस गरिएको छ । किशोरकिशोरीहरूमा हुने शारीरिक परिवर्तनदेखि समाजमा उनीहरूको भूमिका र वर्तमान समयको महत्व तथा भावी जीवनको उद्देश्य लगायतका विषयमा विद्यालयले परामर्श सेवा प्रदान गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।

**११. व्यावसायिक र प्राविधिक शिक्षाः** अहिलेको शिक्षा व्यावसायिक भएन, बेरोजगार उत्पादन गर्ने थलो भयो, गरिखाने सीप सिकाउन सकेन भन्ने जस्ता अभिव्यक्तिहरू शिक्षाको चर्चा चल्दा सर्वत्र सुन्ने गरिएको छ । यस्ता गुनासोहरूलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले एनेक्स कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरूमा विभिन्न विषयको प्राविधिक शिक्षा कार्यक्रमहरू संचालन गरिरहेको छ । तर पनि यस्ता अवसरहरू सीमित भएको, उत्पादित जनशक्ति जागिर खोज्ने खालको मात्र भएको, आफैले केही गर्न पूँजी लगायत अन्य अवरोधहरू रहेको, रोजगारदाताको अभाव भएको जस्ता गुनासोहरू पनि सुनिन थालेका छन् । अर्कोतर्फ प्राविधिक र व्यावसायिक शिक्षा गुणस्तरीय हुनका लागि सर्वप्रथम आधारभूत शिक्षा नै गुणस्तरीय हुनु जरुरी रहेको देखिन्छ । अहिलेको प्राविधिक र व्यवसायिक शिक्षाको लहडमा विद्यालयहरूले आधारभूत शिक्षाको गुणस्तरलाई वेवास्ता गर्ने हुन् कि भन्ने आशंका पनि बढ्न थालेको छ । विगतमा उच्च माध्यमिक तह संचलन गर्ने होडमा तल्लो तहका कक्षाहरूको पढाइलाई वेवास्ता गरिएको तितो अनुभव पनि रहेको छ । अर्कोतिर कक्षा ६-८ को पाठ्यक्रममा राखिएको पेशा, व्यवसाय र प्रविधि शिक्षाको पढाइलाई व्यवहारिक बनाएर सबै सिकाइ उपलब्धिहरू प्रभावकारी रुपमा हासिल गराउने हो भने मात्र पनि विद्यार्थीहरूमा पेशा र व्यवसायको बारेमा धेरै नरम सीपको विकास हुने अपेक्षा गर्न सकिन्छ । तर त्यतातर्फ विद्यालयहरूको खासै ध्यान गएको देखिदैन । यस परिप्रेक्ष्य शिक्षालाई कसरी उत्पादनमुखी बनाउने र विद्यार्थीहरूलाई दैनिक जीवनका लागि आवश्यक सामान्य सीपहरू कसरी सिकाउने भन्ने प्रश्न महत्वपूर्ण रहेको छ । यसतर्फ विचार गरेर विद्यालयहरूले आ-आफ्नो परिवेश अनुकूल स्थानीय सीपलाई प्रबर्द्धन गर्ने, गाउँघरमा रहेका सीपयुक्त व्यक्तिहरूलाई श्रोतव्यक्तिको रुपमा उपयोग गर्ने, विद्यालयमा खाना पकाउनेदेखि लिएर सामान्य विद्युतीय सामान र अन्य घरायसी सामानको मर्मत गर्न सिकाउने कार्यशाला बनाउने जस्ता कार्यक्रमहरूलाई लागु गर्न सक्दछन् ।

**उपसंहारः** विद्यालय शिक्षाको क्षेत्रमा देखिएका विभिन्न किसिमका समस्या र चुनौतिहरूको विषयमा अहिले सरोकारवालाहरूबीच विशेष चासो र चर्चा परिचर्चा भएको पाइन्छ । यसमा देखिएका समस्याहरूलाई समाधान गरी बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यका साथ स्थानीय तहमा गाउपालिका र नगरपालिकाहरूले विभिन्न किसिमका नीति र कार्यक्रमहरू पनि अघि सारेका छन् । केही स्थानीय तहले शिक्षामा आफ्नो कूल बजेटको २० देखि ३० प्रतिशतसम्म पनि विनियोजन गरेको सुनिएको छ । यो ज्यादै सकारात्मक विषय हो । तर विद्यालय शिक्षाको क्षेत्रमा अहिले उठेका मूलभूत मुद्दाहरू, चुनौतिहरू र समस्याहरूलाई पहिचान गरी तिनलाई सही ढंगले सम्बोधन गर्न सकेपछि मात्र विद्यालय शिक्षामा सरकार र अभिभावकले गरेको लगानीको प्रतिफल प्राप्त हुनेछ । यसका लागि अभिभावकलाई विद्यालय शिक्षाको महत्वको बारेमा सचेत गराउँदै उनीहरूको सक्रीय सहभागितामा कार्यक्रमहरू संचालन गर्नु आवश्यक हुन्छ । यस क्रममा नेपालको संविधान र प्रचलित ऐन कानुनको परिधिभित्र रही केही नयाँ नीतिनियम र ऐन कानुनको निर्माण गर्नुपर्ने हुन सक्दछ भने भइरहेका नीतिनियमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक रणनीतिहरू बनाउनु पनि उत्तिकै जरुरी देखिन्छ । अहिलेको समस्या नीति नियम र ऐन कानुनको अभाव मात्र नभएर प्रभावकारी कार्यान्वयनको पनि भएकोले दुबै पक्षमा ध्यान दिनु जरुरी छ ।

**सन्दर्भ सामग्री**

१. *नेपालको संविधान, (२०७२)* कानुन किताब व्यवस्था समिति, काठमाडौं ।
२. *आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) (२०६९),* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।
३. *विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ (२०६६),* शिक्षा मन्त्रालय, काठमाडौं ।
४. *गुणस्तरीय शिक्षाका लागि विद्यालयहरूमा न्यूनतम सक्षमताको अवस्था, (२०६९)* शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।
५. *गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, (२०६७)* शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।
६. *शिक्षा ऐन २०२८ (संशोधनसहित) र शिक्षा नियमावली २०४९ (संशोधनसहित)* कानुन किताब व्यवस्था समिति, काठमाडौं ।

# प्रदेशस्तरीय कानून निर्माण प्रक्रिया र चुनौतिहरू



*- सुशिला अधिकारी*

नेपालको संविधानको धारा ५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तहको हुनेछ भनी स्पष्ट बोलेको छ । नेपाल संघीयतामा अघि सरेसँगै सातवटै प्रदेशमा कानून निर्माणको कार्य पहिलो प्राथमिकताको विषयका रुपमा रहेको छ । नयाँ संघीय संरचना अभ्यास गर्नु र त्यसलाई सार्थकता प्रदान गर्नु निकै मेहेनत र परिश्रम गर्नुपर्ने अवस्था रहेकोमा कानून निर्माण प्रक्रियाले समग्र प्रदेशकै विकास र समृद्धिलाई दीर्घकालीन रुपमा असर पुऱ्याउँदछ ।

प्रदेशस्तरीय कानून निर्माण गर्नु पहिलो प्राथमिकतामा राख्नुपर्ने आवश्यकता रहेको कुरा नकार्न सकिँदैन तर सो निर्माण गर्दा विभिन्न नीति, सिद्धान्त र जनताको भावनालाई समेटी दिर्घकालीन रूपमै प्रदेशको समृद्धि र विकासका लागि उपयोगी कानुन बनाउन जरुरी देखिन्छ। कानुन गुणस्तरीय नभएसम्म सोको संख्याले कुनै औचित्य रहदैंन। भनाइ नै छ "छिटो गरे भन्न सकिन्न ढिलो गरे अवश्य पुगिन्छ" । यो भनाइ कानुन निर्माण प्रक्रियामा समेत अत्यन्त सान्दर्भिक देखिन आउँछ। हामीले अहिले हतारमा निर्माण गरेका कानूनले भोलि दुर्घटना ननिम्त्याउला भन्न सकिन्न ।

## प्रदेशस्तरीय कानून निर्माणका चुनौतीहरू

१. ***साझा अधिकारका सूचीमा रहेका विषयमा अधिकार क्षेत्रबारे स्पष्टता:*** नेपालको संविधानको धारा ५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तहको हुने छ भनी स्पष्ट बोलेको छ। धारा ५७ ले अनुसूची-५ मा संघको अधिकार सूची, अनुसूची-६ मा प्रदेशको अधिकार सूची, अनुसूची-८ मा स्थानीय तहको अधिकार सूची भनी स्पष्ट उल्लेख गरेको छ भने अनुसूची-७ मा संघ र प्रदेशको साझा अधिकारको सूची र अनुसूची-९मा संघ, प्रदेश र स्थानीय तहको अधिकार सूची उल्लेख गरेको छ। त्यस्तै संविधानको धारा २३२ (१) मा संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भन्ने कुरा स्पष्ट उल्लेख छ। सो व्यवस्थाले संघ, प्रदेश र स्थानीय तहका अधिकार क्षेत्र स्पष्ट हुँदाहुँदै पनि साझा अधिकारका सूचीले एकल अधिकार सूचीलाई कतिपय अवस्थामा बाँधेको अवस्था छ। उदाहरणका लागि: संघको एकल अधिकारको सूचिको बुँदा नं.११ मा "जलस्रोतको संरक्षण र बहुआयामिक उपयोग सम्बन्धि नीति र मापदण्ड" उल्लेख छ भने प्रदेशको एकल अधिकारको सूचीको बुँदा नं.१९ मा "जल उपयोग" भन्ने उल्लेख गरिएको छ। त्यस्तै प्रदेश र संघको साझा अधिकारको सूचीको बुँदा नं.२३ मा र संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीको बुँदा नं.७ मा "जल उपयोग" भनी उल्लेख गरिएको छ । यस्तो अवस्थामा प्रदेशमा जलसम्बन्धी मापदण्ड तोकिनु आवश्यक रहन्छ। सोको विचार नगरी कानून निर्माण गर्नु भनेको लक्ष्य विनाको लक्षभेदन गर्नु सरह हुन पुग्छ, जसले कालान्तरमा दुर्घटना समेत निम्त्याउन सक्छ ।

२. ***कानून निर्माण प्रक्रियामा जनताको सहभागिता:*** अमेरिकी कानुनी विद्वान रस्को पाउण्डले Law is an instrument of Social Engineering भनेका छन् जसको अर्थ कानुन सामाजिक रुपान्तरणको माध्यम हो । कानुन समाजकै लागि बन्दछ भने कानुन निर्माण गर्दा जुन समाजका लागि कानून निर्माण गरिदैंछ, त्यहाँका मानिसको राय, सल्लाह लिन अत्यन्त आवश्यक रहन्छ । चाहे त्यो कानुन निर्माणको पहिलो चरणमै छलफलबाट होस् वा स्वीट्जरल्याण्डको जस्तो जनमत संग्रहबाटै किन नहोस् ।

३. ***कानून निर्माण प्रक्रियामा विज्ञलाई समावेश:*** कुनै पनि व्यक्ति हरेक विषयको ज्ञाता हुन सक्दैन । कानून निर्माण प्रक्रियामा विभिन्न विषयगत जानकारीको आवश्यकता पर्ने हुनाले विषयगत रुपमै कानून निर्माणको विभिन्न चरणमा विज्ञसँग छलफल र परामर्श गरिनु आवश्यक देखिन्छ । उदाहरणको लागि कर्णाली प्रदेशको भूमी व्यवस्थापनको कानून निर्माण गर्नको लागि भूमि सम्बन्धी दक्षता भएको व्यक्तिसँग छलफल र परामर्श गर्नु अत्यन्तै आवश्यक देखिन्छ ।

४. ***कानुन निर्माणमा गुणस्तर आवश्यकता:*** कानून निर्माण प्रक्रिया अत्यन्तै महत्वपूर्ण कार्य हो । कानून निर्माण गर्दा समय लिएर विभिन्न तहमा छलफल गरी दिर्घकालीन रुपमा निर्माण गरिनुपर्दछ । तर नेपाल संघियतामा अघि बढेसँगै विषयवस्तुको हेक्का नराखी छिटोभन्दा छिटो प्रदेश कानुन निर्माण गर्नुपर्छ भन्ने मान्यता रहेको अवस्था छ । यस्ता कानूनले क्षणिक रुपमा कुनै पनि मन्त्रालय वा प्रदेश सभाको कार्यक्षमता त देखिएला तर दीर्घकालीन रुपमा यसले प्रदेशको विकास र सम्वृद्धिमा नकारात्मक असर पर्नेछ ।

५. ***प्राथमिकताका आधार:*** कानून निर्माण प्रक्रियामा तत्काले आवश्यक पर्ने कानुन प्राथमिकताको आधारमा निर्माण गर्नुपर्छ । राज्यलाई अनावश्यक व्ययभार पर्ने र समृद्धिलाई प्रभाव पार्ने खालको कानुनहरू भन्दा तत्काल आवश्यक पर्ने र प्रदेशलाई प्रत्यक्ष हितमा सरोकार राख्ने खालको कानुनहरूलाई प्राथमिकता दिइनुपर्छ ।

नेपालको संविधानको धारा ३०५ (१) ले "यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका नेपाल कानून खारेज वा संशोधन नभएसम्म लागू रहनेछन् भन्ने व्यवस्था"ले हालको कानुनलाई नेपालभर लागू गर्न कुनै बाधा परेको देखिँदैन । यस्तो अवस्थामा कानून निर्माण कर्ता, नीति निर्माणकर्ता लगायत विधायिकाले कानून निर्माण प्रक्रिया प्रदेशको भावनाअनुकुल, जनताको इच्छा आकांक्षा र प्रदेशको समग्र हितका लागि दीर्घकालीन रुपमा गर्नु आवश्यक देखिन्छ । कानून निर्माण प्रक्रिया देख्दा जति सरल देखिन्छ, त्यसले भविष्यमा त्यति नै जटिल अवस्थाको सिर्जना गर्न सक्छ। तसर्थ, निर्माण हुने कानूनको औचित्यतापूर्ण र कार्यान्वयन योग्य हुनु अत्यन्तै आवश्यक छ । ❍

*(लेखक हाल प्रदेश प्रमुखको कार्यालय, कर्णाली प्रदेश, सुर्खेतमा कानून अधिकृत पदमा कार्यरत हुनुहुन्छ ।)*




सुर्खेत स्थित
प्रसिद्ध धार्मिक स्थल
गंगामाला देउतीबज्यै मन्दिर

दैलेख स्थित
प्रसिद्ध धार्मिक स्थल
नाभिस्थान ज्वाला तथा
श्रीस्थान ज्वाला







जुम्ला स्थित
प्रसिद्ध धार्मिक स्थल
चन्दननाथ मन्दिर




*मुगु स्थित*
*नेपालको ठूलो ताल*
*रारा ताल*
*(महेन्द्र ताल)*




*जुम्ला स्थित*
*पर्यटकीय स्थल*
*सिंजा क्षेत्र*




*जाजरकोट*
*जिल्लामा प्रचलित*
*ढाल तरबार नाच*

# प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

*प्रमाणीकरण मिति : २०७४।७।१*

संवत् २०७४ सालको ऐन नं. ४४

**प्रस्तावना** : प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **पारिश्रमिक** : (१) प्रदेश प्रमुखलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको मासिक पारिश्रमिक तथा अन्य सुविधा दिइनेछ ।

(२) प्रदेश प्रमुख कुनै कारणले सो पदबाट निवृत्त भएमा वा सो पदमा नरहेमा निजलाई एक महिनाको पारिश्रमिक बराबरको रकम थप सुविधाको रुपमा दिइनेछ ।

३. **आवास सुविधा** : (१) प्रदेश प्रमुखको आवासको लागि नेपाल सरकारले सम्बन्धित प्रदेशको राजधानीमा सरकारी घरको बन्दोवस्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम घरको बन्दोवस्त नभएसम्मको लागि प्रदेश प्रमुखलाई घर भाडा बापत प्रति महिना नेपाल सरकारले तोके बमोजिमको रकम उपलब्ध गराइनेछ ।

(३) उपदफा (१) बमोजिमको सरकारी आवासको मर्मत तथा सम्भार नेपाल सरकारले गर्नेछ ।

(४) उपदफा (१) बमोजिमको घरको लागि उपयुक्त फर्निचरको व्यवस्था नेपाल सरकारले गर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४. **सवारी तथा इन्धन सुविधा** : (१) नेपाल सरकारले प्रदेश प्रमुखलाई सवारी साधनको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सवारी साधनका लागि आवश्यक पर्ने इन्धन, मोबिल तथा मर्मत सम्भारको व्यवस्था नेपाल सरकारले गर्नेछ ।

५. **सञ्चार सुविधा** : प्रदेश प्रमुखको आवासको लागि टेलिफोन, कम्प्यूटर, इन्टरनेट, फ्याक्स, पत्रपत्रिका जस्ता सञ्चार सुविधा नेपाल सरकारले व्यवस्था गर्नेछ ।

६. **पोशाक सुविधा** : प्रदेश प्रमुखलाई प्रत्येक वर्ष अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम पोशाक भत्ता बापत दिइनेछ ।

७. **अतिथि सत्कार तथा भैपरी खर्च** : (१) प्रदेश प्रमुखलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम अतिथि सत्कार तथा भैपरी खर्च बापत दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको खर्चको बिल भरपाई पेश गर्नु पर्ने छैन ।

८. **निजी चिकित्सक सम्बन्धी सुविधा** : प्रदेश प्रमुखको लागि नेपाल सरकारले एक जना निजी चिकित्सकको व्यवस्था गर्नेछ ।

९. **उपचार खर्च** : (१) प्रदेश प्रमुख स्वदेशमा अस्पताल भर्ना भई उपचार गराउँदा वा नेपालमा उपचार हुन नसक्ने भई मेडिकल बोर्डको सिफारिसमा विदेशमा गई उपचार गराउँदा लागेको उपचार खर्च नेपाल सरकारले व्यहोर्नेछ ।

(२) प्रदेश प्रमुख अस्पताल भर्ना भई उपचार गराउँदा कुरुवा बस्नु पर्ने भएमा कुरुवा खर्च बापत एक जनाको मनासिब खर्च नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) बमोजिमको उपचार खर्च बापतको रकम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश प्रमुख भर्ना भएको अस्पताललाई भुक्तानी गर्नेछ ।

१०. **चाडपर्व खर्च** : (१) प्रदेश प्रमुखले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपदफा (१) बमोजिमको रकम प्रदेश प्रमुखले एक आर्थिक वर्षमा एक पटक आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ।

११. **दैनिक भत्ता तथा भ्रमण खर्च** : प्रदेश प्रमुखले आफ्नो ओहदा सम्बन्धी कामको सिलसिलामा स्वदेश तथा विदेशको भ्रमण गर्दा अनुसूची-२ मा उल्लेख भए बमोजिमको दैनिक भत्ता पाउनेछ।

१२. **बीमा सुविधा** : प्रदेश प्रमुखलाई सरकारी कामको सिलसिलामा स्वदेश तथा विदेशको भ्रमण गर्दा अनुसूची-२ मा उल्लेख भए बमोजिमको बीमा सुविधा प्राप्त हुनेछ।

१३. **विज्ञ सम्बन्धी व्यवस्था** : (१) प्रदेश प्रमुखले आफ्नो पदीय काममा सहयोग पुऱ्याउन विज्ञ नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने विज्ञको सङ्ख्या र त्यस्तो विज्ञले पाउने मासिक पारिश्रमिक तथा सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

१४. **निजी सचिवालय सम्बन्धी व्यवस्था** : (१) प्रदेश प्रमुखको निजी सचिवालयको लागि अनुसूची-३ बमोजिमका कर्मचारीहरू रहनेछन्।

(२) उपदफा (१) बमोजिमको निजी सचिवालयमा काम गर्ने कर्मचारीले नेपाल सरकारले तोके बमोजिमको पारिश्रमिक तथा सुविधा पाउनेछन्।

१५. **शपथ** : प्रदेश प्रमुखले आफ्नो कार्यभार सम्हाल्नुअघि राष्ट्रपति समक्ष अनुसूची-४ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

१६. **मुद्दा नचलाइने** : प्रदेश प्रमुखले आफ्नो पदीय हैसियतले सम्पादन गरेका काम कारबाहीको विषयमा निज पदमा रहँदा वा सेवा निवृत्त भएपछि निज उपर कुनै अदालतमा मुद्दा चलाइने छैन।

१७. **नेपाल सरकारसँग सम्पर्क** : प्रदेश प्रमुखको कार्यालयले नेपाल सरकारसँग सम्पर्क राख्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ।

१८. **अनुसूचीमा संशोधन** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक संशोधन गर्न सक्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची -१

(दफा २ को उपदफा (१), दफा ६ र ७ सँग सम्बन्धित)

**प्रदेश प्रमुखको पारिश्रमिक तथा अन्य सुविधा**

| | | |
|---|---|---|
| १. | पारिश्रमिक | प्रति महिना रु. ६४,०००।- |
| २. | पोशाक सुविधा | प्रति वर्ष रु. १८,०००।- |
| ३. | अतिथि सत्कार तथा भैपरी खर्च | प्रति महिना रु.४०,०००।- |

अनुसूची -२

(दफा ११ र १२ सँग सम्बन्धित)

**प्रदेश प्रमुखले पाउने दैनिक भत्ता तथा बीमाको सुविधा**

| क्र. सं. | विवरण | प्रति दिन पाउने रकम |
|---|---|---|
| १. | स्वदेशमा भ्रमण गर्दा पाउने दैनिक भत्ता दर | रु. ३,०००।- |
| २. | विदेशमा भ्रमण गर्दा पाउने दैनिक भत्ता दर | २५०।- अमेरिकी डलर |
| ३. | बीमा | रु. १५,००,०००।- |

**द्रष्टव्य :**

१. युरोपियन मुलुकहरु, अष्ट्रेलिया, न्यूजिल्याण्ड, अमेरिका, क्यानाडा, कुवेत, कोरिया, जापान, हङ्कङ्ग, रुस, कतार, जाम्बिया, यू. ए. ई., सिङ्गापुर, लेवनान, बहराइनको भ्रमण गर्दा माथि उल्लिखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइनेछ ।

२. भारतको चेन्नाइ, हैदरावाद, बैङ्गलोर, मुम्बई, दिल्ली, कोलकाता, बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ ।

अनुसूची-३

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

**प्रदेश प्रमुखको निजी सचिवालयमा रहने कर्मचारी**

| | | |
|---|---|---|
| (क) | प्रमुख स्वकीय सचिव | - १ |
| (ख) | सहस्वकीय सचिव | - १ |
| (ग) | उपस्वकीय सचिव | - १ |
| (घ) | स्वकीय अधिकृत | - १ |
| (ङ) | फोटोग्राफर अधिकृत | - १ |
| (च) | कम्प्युटर सहायक | - १ |
| (छ) | प्रशासन सहायक | - १ |
| (ज) | लेखा सहायक | - १ |
| (झ) | सवारी चालक | - २ |
| (ञ) | कार्यालय सहयोगी | - २ |

अनुसूची-४

(दफा १५ सँग सम्बन्धित)

**शपथ**

म.............................मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु । ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीयसत्ता र सार्वभौम सत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही प्रदेश नं. ..............को प्रमुखको पदमा कामकाज प्रचलित कानूनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

मिति :

नाम :

दस्तखत :

संघीय मामिला तथा संसदीय मामिला मन्त्रालय



मुख्यमन्त्री पदमा नियुक्तिका लागि मा. महेन्द्रबहादुर शाहीद्वारा संसदीय दलबाट सिफारिस पत्र मा. प्रदेश प्रमुखज्यूलाई बुझाउँदै।



मा. प्रदेश प्रमुखज्यूले मा.महेन्द्र बहादुर शाहीलाई मुख्यमन्त्रीको नियुक्ति पत्र प्रदान गर्दै।




माननीय मुख्यमन्त्रीज्यूको सपथ ग्रहण कार्यक्रम



माननीय मन्त्रीज्यूहरूको सपथ ग्रहण कार्यक्रम



प्रदेश प्रमुखज्यूलाई प्रदेश नं.६ को प्रदेशसभा सचिवालयमा स्वागत गर्दै माननीयज्यूहरू



मा. प्रदेश प्रमुखज्यूद्वारा २०७४/०७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दा



मा. प्रदेशज्यूद्वारा विधाभूषण मान्नन्धरज्यूलाई मुख्यन्यायाधिवक्ताको नियूक्ती पत्र प्रदान गर्दै ।



माननीय प्रमुखज्यूसँग कार्यालयका कर्मचारीहरू